वर्ष : १३, अंक : ४७, काठमाडौं, २०७४ चैत २ गते शुक्रबार 16 March 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०९१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## राष्ट्रपति भण्डारीको दोस्रो कार्यकाल प्रारम्भ



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीको दोस्रो कार्यकाल प्रारम्भ भएको छ । वाम गठबन्धनकी उम्मेदवार भण्डारी दुई तिहाईभन्दा बढी मतका साथ मंगलबार दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित भएकी थिइन् । मंगलबार भएको निर्वाचनमा वामगठबन्धनकी उम्मेदवार भण्डारीले ३९ हजार २७५ मतका साथ निर्वाचित भएकी छन् भने नेपाली कांग्रेसकी कुमारी लक्ष्मी राईले ११७३० मत पाएकी छन् । भण्डारीको पक्षमा मधेशकेन्द्रित दल राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरमले पनि मतदान गरेको थियो । राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित विशेष समारोहमा भण्डारीको शपथ ग्रहण प्रधानन्यायाधीश गोपाल पराजुलीले गराएका थिए । पदमुक्त भएको पत्र लेखेकै दिन पराजुलीले नवनियुक्त राष्ट्रपति विद्यादेवी भण्डारीलाई खुवाएको थिए ।

## भारतका राष्ट्रपतिद्वारा बधाई

काठमाडौं । नेपालको राष्ट्रपतिमा विद्यादेवी भण्डारी निर्वाचित भएकामा भारतका राष्ट्रपति रामनाथ कोबिन्दले हार्दिक बधाई ज्ञापन गरेका छन् । राष्ट्रपति कोबिन्दले एक शुभकामना सन्देश पठाउँदै बहुआयामिक सहयोगात्मक भारत-नेपाल सम्बन्धलाई दुवै देशका जनताको लाभका खातिर अझ सुदृढ तुल्याउन राष्ट्रपति भण्डारीसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसैगरी, छिमेकी राष्ट्र चीनका राष्ट्रपति झि जिनपिङले पनि राष्ट्रपति भण्डारीलाई बधाई तथा शुभकामना दिएका हुन् ।

## राजनीतिक स्थायित्व र जनचाहनाबमोजिम समृद्धिको पक्षमा भारत : जोली



भाजपाका वरिष्ठ नेता विजय जोलीसँग भेटघाटको क्रममा मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराज ।

काठमाडौं । भारतीय जनता पार्टीका वरिष्ठ नेता विजय जोलीले नेपालको राजनीतिक स्थायित्व र जनचाहनाबमोजिम समृद्धिको पक्षमा भारत सरकार रहेको बताएका छन् । सोमबार बिहान होटल याक एण्ड यतिमा नेपाल भ्रमणमा रहेका भाजपाका वरिष्ठ नेता जोली र मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराजसँगको भेटवार्ताको क्रममा जोलीले सो कुरा बताएका हुन् । सो भेटवार्ताको क्रममा जोलीले नेपालको सबै राजनीतिक दल र सबै पक्षसँग समभाव राख्ने, दुई देशीय सम्बन्ध झन् स्वस्थ बनाउन बौद्धिक व्यक्तिहरूमा विशेष सक्रिय र सचेतनाको आवश्यकता रहेको औंल्याए । उनले गौरवमय नेपालको इतिहास र नेपाली नागरिकहरूको सुन्दर भविष्यका लागि भाजपा र भारत सरकार हरेक सकारात्मक पक्षमा सहकार्य गर्न तयार रहेको बताएका थिए ।

## न्यायालयको विवाद दुर्भाग्यपूर्ण : नेता कर्ण

काठमाडौं । राष्ट्रिय जनता पार्टीका नेता लक्ष्मणलाल कर्णले न्यायालयमा अहिले देखिएको विवाद दुर्भाग्यपूर्ण भएको टिप्पणी गरेका छन् । नेता कर्णले योग्यता र क्षमतालाई बाईपास गर्दै पार्टीको भागबण्डाका आधारमा न्यायाधीश नियुक्ति हुने भएकाले न्यायालयमा अहिलेको समस्या देखिएको गुनासो पोखे । काठमाडौंमा भएको कार्यक्रममा उनले भने,'अहिलेको घट्नाको सन्दर्भ प्रधानन्यायाधीश जिवितै छन, पदासिन छन, शीतलनिवासमा उनले हिजो राष्ट्रपतिलाई सपथ खुवाउनु भयो, अब सपथको बैधानिकता के हो ?' उनले यदि पराजुलीले गम्भीर गल्ती नै गरेको हो भने राजीनामा दिन लगाएर मात्रै नहुने भन्दै गम्भीर अपराध गरेकालाई महाभियोग लगाएर हटाउनुपर्ने तर्क गरे । उनले भने,'प्रधानमन्त्रीले किन उनको राजिनामा वा विदामा बस्न भनेर धम्की दिनुभयो, यदि अपराधी हो भने वा किर्ते गरेको हो भने महाअभियोग लगाउनुपर्छ ।' कर्णले पराजुलीलाई हटाउने हो भने कानूनसम्म्त ढंगले हटाउनुपर्नेमा जोड दिए । पराजुलीको नामको बोर्ड र उनको कुर्सी हटाइयो भन्दै यसलाई नै उनले 'कु' को संज्ञा दिए । उनले भने,'एकजना पदाधिकारीले अर्कोलाई जबरजस्ती हटाउनु कु हो, देशमा अहिले जुडिसियल कु भएको छ, सर्वोच्च अदालतको इतिहाँसमै यति धेरै पहिलो पटक बद्नाम भएको छ ।'

## यसभित्र...

माओवादीकै कारण एमाले संशोधनमा सकारात्मक
गोपाल ठाकुरको विचार, पृष्ठ २ मा

ओली मधेश जाऊ
सम्पादकीय पृष्ठ २ मा

महन्थजीलाई उपराष्ट्रपति बनाउने प्रस्ताव आएको छ : राजीव झा
मन्त्रालयभन्दा संविधान संशोधन मुख्य मुद्दा हो : प्रदीप यादव
अन्तर्वाता पृष्ठ ३ मा

मधेश आन्दोलनको प्रतिवेदन सार्वजनिक गरिनुपर्छ पृष्ठ ४ मा

छोरी पढाउन विशेष प्याकेज ल्याउँछौं : मुख्यमन्त्री पृष्ठ ५ मा

बिना दाइजो बिहे गर्नेलाई सम्मान पृष्ठ ६ मा

# आत्मालोचनासहितको शुद्धीकरण आवश्यक

मधेशकेन्द्रित दलहरूले राजनीतिक मुद्दाबाहेक अन्य विषयहरूलाई खासै उठाएको पाईदैन । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र पत्रकारिताका क्षेत्रमा भएका र हुँदै गरेका विभेदहरूबारे कहिल्यै पनि आवाज उठाएनन् ।

**मधेशवाणी डेस्क**

काठमाडौं । केही महिनाअघि काठमाडौंका बानेश्वरको व्यस्त सडकमा अनौठो दृश्य देखिएको थियो । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई चुनौती दिँदै कांग्रेसका केही युवा नेताहरू व्यस्त सडकको भुईंमा थचक्क बसेर सर्वसाधारणको बुट पालिस गर्न थालेपछि सर्वसाधारण र स्थानीय बासिन्दा एकछिन चकित परे ।

युवा नेताहरूले सडकमा हिँडिरहेका पैदलयात्रीको जुत्ता सफा गर्दै कांग्रेसलाई बचाउन नेतृत्व फेर्नुपर्ने सांकेतिक कार्य गरेका थिए । राजनीति शुद्धीकरण अभियान भन्दै उनीहरू बुट पालिस लिएर सडकमा उत्रिएका थिए ।

फोहोर जुत्ता पालिस गरेर सफा गरेझैं पार्टीभित्रको फोहोर फालेर शुद्धीकरण गर्नुपर्छ भनेर सांकेतिक रूपमा बुट पालिस गरिएको उनीहरूको भनाइ थियो । बुट पालिसबाट काँग्रेस भित्रको शुद्धीकरण कति भयो त्यो त उनीहरूलाई नै थाहा होला तर यसले नेपाली राजनीतिमा शुद्धीकरणको आवश्यक्तालाई महसुस चाहीँ गराएको छ ।

मधेशको मुद्दालाई उठाएर राजनीति गरिरहेका दुई मुख्य दल संघीय समाजवादी फोरम र राजपा नेपालभित्र यस्तै प्रकारको शुद्धीकरणको आवश्यक्ता दुबै दलका नेता तथा कार्यकर्ताहरूले महसुस गरेका छन् ।

किनभने दुबै दलभित्र केही सीमित नेताहरूको हालीमुहाली छ र उनीहरूले गर्ने निर्णय सम्पूर्ण पार्टी पंक्तिले मान्नु पर्ने बाध्यता छ ।

पछिल्लो उदाहरण संविधान संशोधन र सरकारमा सहभगिताकै



लिन सकिन्छ । सबै तहको निर्वाचन सम्पन्न भई सकेपछि सिर्जित नयाँ राजनीतिक परिवेशमा संविधान संशोधनको विषयलाई कसरी उठान गर्ने, कुन कुन बुँदालाई बढी प्राथमिकतामा राख्ने, दलहरूसँग कस्तो प्रकारको सहकार्य गर्ने आदि महत्वपूर्ण विषयमा फोरम र राजपा भित्र बहस हुँदैन । ती दुबै पार्टी फगत अध्यक्ष या केही सीमित नेताहरूको एकल निर्णयको आधारमा आफूलाई उभ्याउने गरेको छ ।

यस्तै, वाम गठबन्धनको सरकारमा किन जाने, गए पछि कसरी प्रस्तुत हुने जस्ता विषयमा पनि दुबै दलभित्र बहस र छलफल भएको पाइदैन । यी र यस्ता कयौं उदाहरणहरू छन् जसले पार्टीमा एकल निर्णय हाबी भएको स्पष्ट गर्छ ।

फोरम र राजपा भनेको केही व्यक्तिहरूको मात्र पार्टी होइन । ती दुबैको पछाडि सम्पूर्ण मधेशको रगत र पसिना पनि लागेको छ । दुर्ब पार्टीलाई उचाईंमा पुऱ्याउन मधेशी जनताको योगदान बिर्सन सकिदैन । तर मधेशी नेताहरू आफै 'लाल बुझक्कर' जस्तो प्रस्तुत भइरहनु पक्कै उनीहरूमा शुद्धीकरणको आवश्यक्ता रहेको मान्न सकिन्छ ।

दुवै मधेशी दललाई लागेको रोग एउटै हो । यिनले सत्तामा छउन्जेल मधेशलाई बिर्ता र जनतालाई रैती मात्र ठाने । न मधेश उनीहरूको बिर्ता हो, न त जनता नै रैती हो । हामी भन्ने शब्दसमेत यिनको शब्दकोशमा कहिल्यै रहेन । योग्य, क्षमतावान् र प्रतिभाशालीलाई निर्णय प्रक्रियाबाट टाढा राख्ने काम मात्र गरे । पार्टीमा परिवारवाद हाबी हुनु, समावेशीको नाममा आफ्नै नाता गोतालाई सांसद बनाउनु उनीहरूका लागि सामान्य कुरा भइसके ।

भारतमा गान्धीले कांग्रेस नेतृत्व मनोनयनबाट होइन, चुनावबाट प्रतिभावान् चुनिने पद्धति बसाए तर इन्दिरा गान्धीले नातागोता र चाकरबाजहरूलाई मात्र कांग्रेसमा ल्याएको हविगत अहिले भोग्दैछ । फोरम र राजपा पनि यहि पथमा नजाओस् भन्ने आम मधेशीको चाहना हो तर मधेशी शीर्ष नेतृत्वले अरूको चाहनाभन्दा आफ्नो स्वार्थलाई मात्र केन्द्रमा राख्दै आएका छन् ।

चुनावमा आफूलाई मत दिने मतदाता परिवर्तन भएको समेत थाहा पाउन सकेनन् । नयाँ पुस्ता प्रभावकारी र सूचनामा चुस्त रहेको भेउसम्म पाएनन् । नेता पुरानै छन् । सोच पुरानै छ ।

मधेशी दलको अबको राजनीतिक यात्रा सजिलो छैन । चुनावमा उनीहरूले हासिल गरेको सीटको अंकगणितका हिसाबले केन्द्रमा त्यति महत्व नराख्न सक्छ । पहिला सरकार गठनमा जुनसुकै दलका लागि मधेशी दल आवश्यक पर्थ्यो त्यो अवस्था अब छैन ।

यद्यपी उनीहरूले प्रदेश २मा सरकार त बनाएका छन तर सरकारको प्राथमिकता तय भएको छ । संयुक्त सरकार बने पनि संयुक्त रूपमा सरकारको एजेन्डा तय गर्न उनीहरू असमर्थ भएका छन् ।

अहिले पनि उनीहरूको आँखा प्रदेशभन्दा केन्द्रमा छ । संघीयताका लागि लडेका र संघीयताको जननी मानिएका मधेश दलहरूको पछिल्लो क्रियाकलाप नि:सन्देह शंकास्पद छ ।

प्रदेश २ मा आफ्नै नेतृत्वमा सरकार गठन गरेका उनीहरूका लागि भने सविधान संशोधनका लागि आन्दोलन गर्न त्यति सजिलो हुनेछैन ।

किनभने आन्दोलन गर्ने शक्ति नै प्रदेश सरकारमा छ भने केन्द्रलाई संशोधनका लागि दवाव दिन गाह्रो हुनेछ ।

संविधान संशोधनसँगै मधेशी दलको अर्को माग भनेको राज्यको पुन: संरचना पनि हो । तर, प्रदेशसभाको चुनावमा भाग लिएर प्रदेश संसदको प्रमाणपत्र पनि बुझिसकेको र प्रदेश सरकार पनि बनाइ सकेको अवस्थामा यो माग राख्नु कति सान्दर्भिक हुनेछ ।

## जनकपुर-वीरगञ्ज रेलमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्राथमिकतामा



रौतहट । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले काठमाडौं तराई द्रुतमार्ग निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिन आफूले ठूलो चुनौतीको सामना गरेको बताएका छन् । रौतहटको चन्द्रपुर नगरपालिकामा चन्द्रपुर महोत्सव २०७४ को उदघाटनपछि आयोजित सभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री दाहालले प्रदेश २ को विकासको आधारका रूपमा रहेको जनकपुर-वीरगञ्ज रेलमार्ग र निजगढस्थित अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरकारको प्राथमिकतामा रहने बताउँदै जनकपुर, पशुपतिनाथ र लुम्बिनीलाई धार्मिक पर्यटन विकासका लागि थप योजना ल्याउने तयारी सरकारले गरिरहेको जानकारी दिए । कार्यक्रममा सांसद विनोद चौधरीले देश विकासका लागि सरकारले औद्योगिक क्रान्तिको शुरूआत गर्नुपर्ने बताउँदै सरकारले प्रदेश २ मा औद्योगिक क्षेत्रमा लगानी गरेमा आफूले चौधरी पार्क निर्माण गर्ने घोषणा गरे । उनले चन्द्रपुर नगर क्षेत्रमा चौधरी ग्रूपले चाँडै उद्योग स्थापना गरेर रोजगारीको अवसर सिर्जना गर्ने प्रतिबद्धतासमेत व्यक्त जनाए । चन्द्रपुर महोत्सव २०७४ चन्द्रनिगाहपुर सिटी जेसिसको मुख्य आयोजना तथा चन्द्रपुर नगर उद्योग वाणिज्य संघ तथा होटल व्यवसायी संघ रौतहटको सहप्रयोजनमा आगामी चैत ७ गतेसम्म चन्द्रनिगाहपुरस्थित तुल्सीलाल अमात्य खेल मैदानमा भइरहेको छ ।

**समय-सन्दर्भ**

संगीता रेग्मी



# सत्तापक्ष बन्न आतुरता

सविधान संशोधनलाई बटमलाइन बनाएको संघीय फोरम र राजपाले एक आपसमा सहमति नगरी अलग अलग बार्गेनिङ्ग गर्नु चतुर ओलीको रणनीति हो । तर दुबै मधेशी दल ओलीको चातुर्यतामा शनै:शनै फस्दै गएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय समाजवादी फोरम नेपाललाई मात्र सरकारमा ल्याउन पहल गरेकोमा राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले असन्तुष्टि व्यक्त गऱ्यो । राजपाको असन्तुष्टि पछि प्रधानमन्त्रीले उसलाई पनि सरकारमा ल्याउन पहल थालेपछि राजपाका नेताहरूले सरकारमा सहभागिताका बारेमा औपचारिक छलफल सुरू गर्दै दुईवटा महत्वपूर्ण काम गरे । पहिलो प्रधानमन्त्रीलाई विश्वासको मत दिए र अर्को राष्ट्रपतिमा विद्यादेवी भण्डारीलाई जिताए ।

राजपाका नेताहरूको शब्दमा यो दुबै राजनीतिक निर्णय भनेको 'गुण तिर्न'का लागि हो ।

वाम गठबन्धनले यहि गुण तिरेको आधारमा संविधान संशोधन, जुन मधेशी दलहरूको मुख्य माग हो, गर्ने विश्वासका आधारमा ओलीले विश्वासको मत र भण्डारीले विजयको मत प्राप्त गरेका हुन् ।

आफ्ना माग सम्बोधन भएमा सरकारमा सहभागी हुने मनस्थितिका साथ राजपा र फोरम एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूसँग छलफललाई तीव्र पारेका छन् ।

पछिल्लो पटक प्रधानमन्त्री ओलीबीच छलफलपछि राजपा सरकारमा सहभागी हुन सकारात्मक देखिएको हो । सबै मिलेर देशको विकास गर्न राजपालाई पनि सरकारमा ल्याउन लागिएको एमालेको दाबी छ भने देश विकासको मुद्दामा आफूहरू पनि दृढ रहेको र आफ्ना मागहरू पूरा भए आफूहरू सरकारमा जाने राजपाको तर्क छ ।

यद्यपी राजपा नेपाल सरकारमा जान मानसिक रूपले तयार भए पनि उसले स्पष्ट रूपमा मुख खोलेको छैन र नेताहरू दोधारे किसिमले कुरा गरिरहेका छन् । केही नेताहरू सत्ताबाट बाहिर रहेको छटफटाहटका रूपमा सहभागिता खोजेका छन् भने कोही अहिले नै सरकारमा जानु हुन्न भन्ने तर्क गर्छन् तर सरकारमा जानु नै पर्छ भन्नेहरूको मत पार्टी भित्र बलियो छ ।

उता संघीय समाजवादी फोरम नेपाललाई पनि सरकारमा सहभागी गराउने गरी सरकारमा रहेका एमाले र माओवादी केन्द्रले छलफल सुरू गरेको थुप्रै दिन बितिसकेको छ तर उसको सहभागिता अहिले निश्चित भएको छैन ।

यद्यपी फोरम र राजपासँगको अलग अलग वार्तामा कुनै पनि पक्ष निष्कर्षमा पुगेको स्थिति छैन । फोरमसँग सहमति भइनसक्दै सरकारले राजपालाई सरकारमा आउन गरेको आह्वानको अर्थ दुबै पार्टीसँग एकै प्रकारको सहमति गर्न खोजेको जस्तो देखिन्छ ।

समर्थन किन ?

मधेशी दलले तीन कारणले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिएका छन् । पहिलो-एमाले र माओवादी केन्द्र सविधान संशोधनप्रति सकारात्मक हुनु, दोस्रो-प्रदेश दुईमा वाम गठबन्धनले पनि फोरम-राजपाको सरकारलाई समर्थन गर्नु र तेस्रो-विकास र समृद्धिका लागि स्थिर सरकार चाहनु ।

माथिको तीन कारणमध्ये पहिलाको दुई कारण राजनीतिक हो भने तेस्रो कारण सैद्धान्तिक हो । दुबै पार्टीभित्र पलाएको सत्ता स्वार्थ र लोभले नै उनीहरू संविधान संशोधनको सुनिश्चित आधारबिना सरकारमा जाने औपचारिकता प्रदान गरेका छन् । फोरम र राजपाको सरकारमा जाने निर्णयले मधेशमा नयाँ खालको टिकाटिप्पणी हुनु स्वभाविक हो । कुनै प्रकारको सहमतिको आधार तय नै नगरी सरकारमा जान हतारो गर्नु मधेशी दलको अपरिपक्वता हो ।

आखिर राजनीतिक खेलाडीका रूपमा परिपक्व मानिएका फोरम अध्यक्ष उपेन्द्र यादव र राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले किन अपरिपक्वता प्रर्दशन गरे त ? क्षणिक स्वार्थका लागि या यस पछाडि अन्य केही कारण पनि छन् ?

प्रधानमन्त्री ओली र मधेशकेन्द्रित दलप्रति ग्राउण्डमा असन्तुष्टि छँदैछ । तर, राजपा र फोरम नेपालको आन्तरिक तथा भूराजनीतिक दबाबका कारण बाध्य भएर प्रधानमन्त्री ओलीलाई समर्थन गर्ने ठाउँमा पुगेको भन्न सकिन्छ ।

सविधान संशोधनलाई बटमलाइन

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# ओली मधेश जाऊ

यसै वर्षको प्रारम्भमा भएको पहिलो चरणको स्थानीय तहको निर्वाचनको पूर्व सन्ध्यामा एमालेले चुनावी तयारीसँगै 'पच्चीसवर्षे विकास र समृद्धिको दीर्घकालीन' योजना ल्याएको थियो। वि.सं. २०९९ सम्म विकासशील हुँदै विकसित मुलुकको दर्जामा पुऱ्याउने गरी नीतिगत, संरचनागत र कानुनी आधार तयार पार्ने उद्देश्यले 'पच्चीसवर्षे विकास र समृद्धिको दीर्घकालीन' योजना ल्याइएको थियो। पच्चीस वर्षमा नेपाललाई समृद्धिको उचाइमा पुऱ्याउन गर्नुपर्ने तात्कालिक काम र दीर्घकालीन कामका सन्दर्भमा नीतिगत, संरचनागत र कानुनी आधारका लागि यस्तो योजना ल्याएको त्यति बेला एमालेकै नेताहरूले बताएका थिए।

त्यति बेला पार्टी अध्यक्ष केपी ओलीले आर्थिक विकासका लागि १० वर्ष नै काफी रहेको दाबी गरेका थिए। २०९९ सम्म देशलाई अचम्मित हुने गरी समृद्ध र विकसित बनाउने गरी योजना बनाइने उनको भनाइ र गराइबीचको तादातम्य मिल्न सकेको छैन। कारण, उनै ओली प्रधानमन्त्री बनेका छन् तर देशलाई विकासको मार्गमा डोऱ्याउने जिम्मेवारी उनकै काँधमा छ। एमालेको उक्त 'पच्चीसवर्षे विकास र समृद्धिको दीर्घकालीन' योजनामा मधेश पनि समेटिएको थियो। मधेशका लागि एमालेले अब के गर्नु पर्छ भन्ने एउटा बहसको विषय पनि बनिनु पर्छ। मधेश एउटा उर्वरभूमि हो। ज्ञान-विज्ञानको तपोभूमि, पूर्वीय दर्शनको खानी, ऋषिमुनिहरूका तपोवन, दुनियाँसँग लडाइँ लडेर वीरता देखाएको, काममा सबैले पत्याएको, ऊर्जावान् युवाहरूको प्रदेश, विश्वशान्तिको सन्देश फैलाउने गौतम बुद्धको जन्मस्थल पनि हो मधेश तर उही मधेश विकासको दृष्टिले पछि परेको छ।

> अहिलेको एमाले नेतृत्वको सरकारले मधेशलाई पहिलो एजेन्डामा राखेर मधेशको वृहत्तर हितको पक्षमा कार्यक्रम ल्याउनु जरूरी छ अनि मात्र मधेशी जनताले एमाले मधेश विरोधी होइन भन्ने विश्वास गर्न सक्छ।

स्मरणीय के छ भने ओलीले आफ्नो पहिलो कार्यकालमा ल्याएको बजेटमा मधेशलाई साविकभन्दा उच्च प्राथमिकता दिएको थियो। तात्कालीन ओली नेतृत्वको सरकारले बजेटमा छुट्ट्याइएका कार्यक्रमहरूले मधेशमा रोजगारी तथा जीवनस्तर उकास्न सघाउने विश्वास लिइएको थियो। खासगरी मधेशमा विकासको कमी भएको अनुभूति भइरहेको बेला त्यहाँका लागि महत्वपूर्ण विकास योजना ल्याइउनु जरूरी छ।

मधेश विकासका पूर्वाधारका दृष्टिकोणले पछाडि परेको भन्ने आम अनुभूति छ यो सत्यलाई स्वीकार गर्दै अब अहिलेको एमाले नेतृत्वको वाम गठबन्धनको सरकारले अब पनि यो समस्यालाई सम्बोधन गरेन भने त्योभन्दा दुर्भाग्य अरू केही हुँदैन। मधेशमा महत्वपूर्ण मानिएको हुलाकी राजमार्गलाई द्रूत गतिमा अघि बढाउने व्यवस्था मिलाउने तात्कालीन एमालेको सरकारले ४ अर्ब २० करोड रूपैंयाँ विनियोजन गरेको थियो तर त्यसले अपेक्षाकृत रूप लिइसकेको छैन। विकसित मधेशका लागि केन्द्र सरकारले आगामी बजेटबाट के कस्ता कार्यक्रम ल्याउँने छ त्यो त हेर्न बाँकी नै छ तर एमालेको 'पच्चीसवर्षे विकास र समृद्धिको दीर्घकालीन' योजनामार्फत मधेशको समृद्धि कसरी गर्ने भन्ने बहस एमालेभित्र नहुनु अर्को चिन्ताको विषय हो। मधेशलाई विकास चाहिएको छ र त्यसका लागि प्रदेश र केन्द्र सरकार मिलेर जानु पर्छ। विकासको मिलनविन्दु कसरी पहिल्याउने त्यसका लागि प्रधानमन्त्रीले नै पहल गर्नु पर्छ।

गत वर्ष फागुन २१ गते निर्वाचन अघि झापाबाट एमालेले आयोजना गरेको मेची-महाकाली अभियान सप्तरी आइपुग्दा मुठभेडमा परिणत भएको थियो जसमा पाँच जनाको मृत्यु भएको थियो। सप्तरीको मलेठमा भएको कार्यक्रममा सहभागी हुन अध्यक्ष ओली पनि पुगेका थिए। सम्भवत: प्रधानमन्त्री बन्नु अघिसम्म ओलीको अन्तिम मधेश यात्रा मलेठ नै थियो। दोस्रो कार्यकालमा प्रधानमन्त्री बनेका ओली त्यसपछि मधेश गएका छैनन्। काठमाडौंमा बसेर मधेशको लागि यो गर्छु, यसो गर्छु भन्दा एकपटक स्वयम् प्रधानमन्त्रीको हैसियतमा मधेश पुगेर त्यहाँको जनजीविका, जनताको पीडा र दु:ख तथा सरोकारका विषयमा आफैले साक्षात्कार गरेको भए यसले सकारात्मक सन्देशको प्रवाह गर्नेछ।

तसर्थ, अहिलेको एमाले नेतृत्वको सरकारले मधेशलाई पहिलो एजेन्डामा राखेर मधेशको वृहत्तर हितको पक्षमा कार्यक्रम ल्याउनु जरूरी छ अनि मात्र मधेशी जनताले एमाले मधेश विरोधी होइन भन्ने विश्वास गर्न सक्छ। एमाले मधेशको विपक्षमा उभिएको पार्टी होइन भन्ने देखाउनका लागि भए पनि एक पटक प्रधानमन्त्री तथा एमाले अध्यक्ष मधेशको सबै आठ वटै जिल्लाको भ्रमण गरी मधेशी जनतामा एमालेप्रति रहेको नकारात्मक भावलाई हटाउनु जरूरी छ। यो मधेशभन्दा बढी एमालेकै हितमा छ।

## साताको सात बात


संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशसँगै मुलुक नयाँ संविधान कार्यान्वयनको महत्वपूर्ण चरणमा रहेको वर्तमान अवस्थामा नेपाली जनताका प्रतिनिधिमार्फत दिइएको यो जिम्मेवारीलाई पूरा गर्नेछु। **विद्यादेवी भण्डारी, राष्ट्रपति**


"अहिले न्यायालय भकभक उम्ली रहेको छ, न्याय पाउँ भन्ने मान्छे तमासा हरेर पुर्पुरोमा हात लाएर बसिरहेका छन्, जिम्मेवार पदका बारेमा जन्म मिति र शैक्षिक प्रमाणपत्रबारे विवाद हुनु दु:खद् अवस्था हो। **केपी शर्मा ओली, प्रधानमन्त्री**


आगामी निर्वाचनमा जनताको मत जित्ने संगठन निर्माण र प्रतिपक्षीको भूमिका निवाह गर्ने गर्छौं। संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सुदृढिकरणका लागि कांग्रेसको काँधमा महत्वपूर्ण जिम्मेवारी आएको छ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**


माओवादी र कम्युनिष्ट आन्दोलनका लागि काम गरेकाहरू एउटै केन्द्रमा आउनुको विकल्प छैन। जनताको आर्थिक विकास र सम्वृद्धिको चाहना सम्बोधन गर्नका लागि बलियो केन्द्र आवश्यक रहेकाले वाम गठबन्धनको पक्षमा उभिएको हुँ। **पुष्पकमल दाहाल 'प्रचण्ड', अध्यक्ष, माओवादी केन्द्र**


सक्रिय राजनीतिलाई अन्त्य गर्दै राष्ट्रपतिको रूपमा मुलुक र जनताको सेवा गर्दै अगाडि बढ्ने सोच बनाएको थिए। अब यस्तो सोचाई रहेन। **झलनाथ खनाल, वरिष्ठ नेता, नेकपा एमाले**


आतंकवाद एक खास समाज, राष्ट्र र क्षेत्रमा सीमित नरही विश्वव्यापी समस्याका रूपमा रहिआएको र यसले हरेक सिमाना र हरेक समाजलाई एक न एक ढंगबाट प्रभाव पारिरहेको छ। **डा युवराज खतिवडा, अर्थमन्त्री**


संविधान संशोधन जनताको चाहना, राष्ट्रको आवश्यकता र समयको मागले परिमार्जन हुँदै जाने कुरा हो। त्यो कुरा संसद्मा उठाउने साथीहरू पनि हुनुहुन्छ। यो विषयमा सबैसँग कसरी सहमति गरेर अगाडि बढ्न सकिन्छ भन्ने हो। **कृष्णबहादुर महरा, समाभुख**

# माओवादीकै कारण एमाले संशोधनमा सकारात्मक

मधेशको राजनीति जुन समयदेखि उठेको छ, त्यस समयदेखि नै रघुनाथ ठाकुरले मधेशको बारेमा एउटा धारणा ल्याउनुभयो। मधेशको इतिहासदेखि लिएर यसको भुगोलको बारेमा वर्णन गरिएको छ। नेपालमा मधेशका कति तहसम्म छ भन्ने कुरा उहाँले ल्याउनुभयो। यसको निरन्तरता मधेशका अन्य दल तथा नेताहरूले दिए। तर अहिले विडम्बना नै भन्नुपर्छ रघुनाथ ठाकुरको नाम कसैले लिनै चाहन्न। अर्को कुरा, मधेशको आन्दोलनलाई माओवादी आन्दोलनले उचाईंमा पुऱ्याएको हो। माओवादी जनयुद्धको क्रममा मधेशी मुक्ति मोर्चा गठन हुँदा त्यसले के सन्देश दियो भने मधेश एउटा राष्ट्र हो र यसको मुक्ति आवश्यक छ। त्यो मुक्ति गर्ने कसरी ? माओवादीको अवधारणा त्यस समयमा आएको हो। स्वायत्त राज्य बनाउन राष्ट्रिय पहिचानको आधारमा र त्यसलाई अझ घनिभूत गर्दा त्यस बेला हामी पनि अध्ययन अनुसन्धान गऱ्यौं। निष्कर्षमा हामीले संघीयतामा जानुपर्छ भन्ने निकाल्यौं। त्यस बेला माओवादी जनयुद्धलाई बिसाउँदा बिसाउँदै त्यो हुन सकेन। त्यो हुन नसकेपछि मधेशमा एक किसिमको लहर आयो। त्यसमा कांग्रेस, एमाले, माओवादी, सबैसँग आस्था राख्ने मधेशी, बुद्धिजिवि र कुनै पार्टीसँग आवद्ध नभएका आम जनता पनि त्यस युद्धमा आए। त्यसपछि मात्र संघीयता स्थापना भयो। संघीयता मात्र नभई दोस्रो मधेश आन्दोलनबाट संविधानसभाले समग्र मधेश एक प्रदेशको अवधारणालाई पनि आत्मसाथ गऱ्यो। मधेश आन्दोलनको क्रममा संविधान च्यातियो, आन्दोलनले पनि उग्र रूप लियो। त्यसको पछि लेखाजोखा होला।

किनभने निर्वाचनमा पनि सहभागि हुने, यहि संविधान अनुसार सपथ पनि खाने अनि त्यहि संविधान नमान्ने भन्ने कुराहरू एकअर्कासँग अलि मेल नखाने कुराहरू हुन्छन्। तर पनि यो संविधानमा जहाँ-जहाँ कमजोरी, गल्ती र समस्या छ त्यसमा संशोधन नै नहुने भन्ने कुरा होइन। तर त्यो संविधान संशोधनको लागि दुई तिहाई बहुमत त एकातिर हुनपऱ्यो। त्यो दुई तिहाई भित्र कुन-कुन मुद्दामा संशोधन गर्ने हो त्यो मिल्नु पऱ्यो। त्यसको अभ्यास अहिले भइरहेको छ। संघीय समाजवादी फोरम अहिले सरकारमा जाने र विभिन्न मिडियाले दिएको जानकारीको आधारमा त्यसका खाकाहरू पनि तयार हुँदै छन्। यसरी संविधान संशोधन हुने अवस्था आयो भने त्यो मधेशीको लागि ठिकै हुनेछ।

मधेश आन्दोलनको समयमा भएको नाकाबन्दीलाई पनि दुई तिरबाट हेरियो। एकाथरीले यो भारतीय नाकाबन्दी हो भने र त्यसको प्रभाव अझै पनि देखिन्छ। वास्तवमा त्यो आफ्नो हक हितको लागि लडेको लडाई थियो। त्यसमा भारतीय सीमानाकामा रहेका हाम्रा बन्धु बान्धवहरूले सहयोग गरेका थिए। त्यो अन्यथा कुरा होइन। यसलाई जति भारतीय नाकाबन्दी हो भनेर अर्थाउन खोजे पनि वास्तवमा त्या भारतीय नाकाबन्दी थिएन। यदि कसैले हो भन्छ भने पनि त्यो अनर्थ पनि होइन। यदि हामीलाई आफ्नै घरमा अप्ठेरो महशुस हुन्छ भने घरभित्रका सदस्य मिल्न नसकेपछि बाहिरका छिमेकीले सधैं हल्ला गरेर बस्छ भने त्यसको असर त अवश्य नै पर्छ। त्यस्तै मधेशीहरूको रोई कराईमा भारतको पनि आकर्षण बढेको हो। अहिले मात्र नभई जंगबहादुर राणाकै शासनकालदेखि नै नेपाल र भारतको शासक-शासितबीचको सम्बन्ध चल्दै आएको अवस्थामा नाकाबन्दी र मधेश आन्दोलनलाई पनि कतिपय भारतीयले नैतिक समर्थन दिएका थिए तर यो भारतीय नाकाबन्दी थिएन। अहिलेको अवस्थामा आन्दोलनबाट नै केही गर्ने भन्ने मलाई लाग्दैन। किनभने तीन चरणको निर्वाचनमा कुनै पनि ठाउँमा यो निर्वाचन हामीलाई चाहिँदैन भन्ने खालको जनमत त देखिएको छैन। निर्वाचनमा त सबै भाग लिएका छन्। स्थानीय, प्रादेशिक, संघीय संसदको निर्वाचन सबैमा भाग लिएका छन्। जनताले खुला हृदयले साथ दिएका छने भने अहिले जनता कुनै किसिमको आन्दोलन गर्ने पक्षमा छन् जस्तो मलाई लाग्दैन। अहिले पनि कता-कता मधेशका नागरिकलाई म यो देशको नागरिक हुँ भन्ने अवस्था पाइरहेका छैनन्। वर्तमान अवस्थामा संविधान संशोधन हुन सक्यो भने त्यो सबै भन्दा राम्रो बाटो हुनेछ।

सरकरामा जाने वा नजाने भन्ने निर्णय गर्ने अधिकार राजपा र संघीय समाजवादी फोरम कै हो। म माओवादीको एक सिपाही भएको नाताले मैले यसलाई नकारात्मक रूपमा हेरेको छैन। किनभने संविधान संशोधन गर्नका लागि दुई तिहाई मत आवश्यक हुन्छ। त्यो दुई तिहाई मत पुऱ्याउनको लागि संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीका सांसदहरू त्यसका मिले भने झन् राम्रो हुन्छ। यसमा म आशावादी छु, उनीहरूले जुन समर्थन दिएका छन्, त्यसको प्रतिफल मूलत: मधेशी जनताले कसरी हेरिरहेका छन्। मधेशी जनताले पनि सकारात्मक रूपमा नै हेर्लान्।

मधेशवादी दलहरू सरकारमा गएर मात्रै संविधान संशोधन हुन सक्छ या बाहिरै रहेर समर्थन गरेको भए राम्रो हुन्थ्यो भन्ने कुरा उनीहरू मै भर पर्छ। तर सबै एकै ठाउँमा आएर मिलन बिन्दु खोजेर त्यसलाई कार्यान्वयन गर्नका लागि सरकारमा नै आउनु राम्रो हो जस्तो मलाई लाग्छ। सरकारमा भएपछि धेरै समस्याहरूको समाधान गर्न सकिन्छ भन्ने कुरामा पनि म विश्वस्त छु। नेपालको राजनीति अगाडी बढिसकेको अवस्थामा माने पनि नमाने पनि, सरकारमा सामेल हुनु राम्रो कुरा हो। सरकारमा जानु यो अनुपयुक्त समय हो जस्तो मलाई लाग्दैन।

एमाले र माओवादी केन्द्रको कुरा गर्नुपर्दा उनीहरूबीच लामो दुरी थियो। तर एकआपसको निरन्तर संवाद, छलफलले विगत १० वर्षको संक्रमणकालीन परिस्थितिमा दुवै पक्षले के देख्यो भने एमालेले माओवादीलाई समाप्त पार्न सक्दैन र माओवादीले पनि एमालेलाई समाप्त पार्न सक्दैन। कमजोर र सबल पक्ष दुवै तर्फका छन्। यसले के देखाउँछ भने दुई कम्युनिष्ट पार्टी छुट्टा छुट्टै हुँदा र एक हुँदा हुने परिस्थिति आम जनताले नै देखाइदिएका छन्। आम जनताले नै तिमीहरू मिल भन्ने जनमत दिएको हुनाले र नेकपा माओवादीले पनि धेरै पहल गरेको हुनाले आज यो अवस्था सिर्जना भएको हो। विगतमा संविधान संशोधनको विरोध गर्दै आइरहेको नेकपा एमालेले नेकपा माओवादीको सहकार्यमा आएपछि संशोधनमा सकारात्मक आएको हो।

पहिलेदेखि नै संविधान संशोधनप्रति सकारात्मक रहँदै आएको माओवादी केन्द्र पछिल्लो समय एमालेसँग सहकार्य गरेपछि एमाले पनि सकारात्मक हुनुमा कता कता नेकपा माओवादीकै देन रहेको छ। वाम गठबन्धन संविधान संशोधनमा सहकार्यदेखि लिएर पार्टी एकताको घोषणामा दुवै दलका शीर्ष नेताहरू लागेका छन्। त्यसको पनि एउटा प्रतिफल हो र साथ-साथै देशमा समस्या राख्नु उपयुक्त हुँदैन, यसलाई एकढंगले समाधान गर्नु राम्रो हो भन्ने बुझाईमा सम्पूर्ण वाम गठबन्धन पुग्नु पनि सकारात्मक नै हो।

*(माओवादी केन्द्रका सचिवालय सदस्य ठाकुरसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*



गोपाल ठाकुर

> पहिलेदेखि नै संविधान संशोधनप्रति सकारात्मक रहँदै आएको माओवादी केन्द्र पछिल्लो समय एमालेसँग सहकार्य गरेपछि एमाले पनि सकारात्मक हुनुमा कता कता नेकपा माओवादीकै देन रहेको छ। वाम गठबन्धन संविधान संशोधनमा सहकार्यदेखि लिएर पार्टी एकताको घोषणामा दुवै दलका शीर्ष नेताहरू लागेका छन्।

# अखण्डतामा असर पर्ने गरी संशोधन हुँदैन : प्रधानमन्त्री ओली

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान गतिशील दस्तावेज भएकोले आवश्यकता र औचित्यका आधारमा संशोधन गर्न सकिने स्पष्ट पारेका छन्।

प्रधानमन्त्री ओलीलाई संसदमा विश्वासको मत दिएका प्रतिनिधिसभा सांसद, राष्ट्रिय सभा तथा प्रदेश सभाका सांसदहरूलाई प्रधानमन्त्री निवास बालुवाटारमा धन्यवाद दिने क्रममा बुधबार प्रधानमन्त्री ओलीले सो कुरा बताएका हुन्।

'संविधान समयको मागअनुसार संशोधन हुन्छ' ओलीले भने, 'तर देशलाई नोक्सानी हुने गरी, अखण्डतामा असर पर्ने गरी संशोधन हुँदैन। देशलाई थप मजवुद तर एकतावद्ध पार्नका लागि संशोधन हुन्छ।'

उनले सरकालाई आतंककारी क्रियाकलाप सैह्य नहुने बताए। अप्राकृतिक, असामाजिक तत्वहरूले यस किसिमका क्रियाकलापबाट फाइदा लिन्छु भन्ने नसोचे राम्रो हुने प्रधानमन्त्री ओलीको चेतावनी छ।

प्रधानमन्त्री ओलीले सरकार हिंसा र अपराध रोक्न कडाइका साथ लागि पर्ने बताए। 'अब बलात्कारका घटना रोकिन्छन्। महिला हिंसाका विरूद्ध जागरण अभियान पनि चलाइन्छ' प्रधानमन्त्री ओलीले भने, 'कडा कानुन बनाएर कार्यन्वयन पनि गरिन्छ।' उनले आफू भ्रष्टाचारप्रति असहिष्णु हुने कुरा दोहोऱ्याएका छन्।

प्रधानमन्त्री ओलीले सांसदहरूलाई मर्यादामा बस्न निर्देशन दिएका छन्। जनताको मतले आफूहरू सांसद भएकोले हरेक गतिविधि जनताको हितका निम्ति गर्न प्रधानमन्त्रीले सांसदहरूलाई सम्झाएका थिए।

कार्यक्रममा नेकपा(एमाले), नेकपा(माओवादी केन्द्र), संघीय समाजवादी फोरम, राष्ट्रिय जनता पार्टीका प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सांसदहरूको उपस्थिति थियो।



*प्रधानमन्त्री ओलीलाई संसदमा विश्वासको मत दिएका सांसदहरूलाई प्रधानमन्त्री निवास बालुवाटारमा धन्यवाद दिने क्रममा आयोजित चियापान कार्यक्रममा सहभागी नेतागण।*

# उपराष्ट्रपति निर्वाचन चैत ९ गते

काठमाडौं। निर्वाचन आयोगले उपराष्ट्रपतिको निर्वाचन आगामी चैत ९ गते हुने गरी निर्वाचनको मिति तय गरेको छ। बुधबार प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षता बसेको आयोगको बैठकले सो निर्णय गरेको हो। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५ (२) मा राष्ट्रपतिको निर्वाचन भई परिणाम घोषणा भएको सात दिनभित्र आयोगले निर्वाचनको मिति तोक्ने व्यवस्था रहेको छ। यसैगरी, नेपालको संविधानको धारा ७० एवं राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा ५ बमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने व्यवस्था छ। सम्वत् २०७४ साल फागुन २९ गते सम्पन्न राष्ट्रपति निर्वाचनबाट नेपालको राष्ट्रपतिमा खस आर्य समुदायका महिला विद्यादेवी भण्डारी निर्वाचित भएकोले उपराष्ट्रपति पदका लागि उल्लिखित लिङ्ग वा समुदायभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिको मनोनयन पत्र मात्र दर्ता गर्न, गराउन पाइनेछ। प्रकाशित निर्वाचन कार्यक्रम अनुसार चैत्र १ गते मतदाता नामावली प्रकाशन, चैत्र ३ गते उम्मेदवारी दर्ता तथा चैत्र ४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ। चैत्र ९ गते शुक्रबार विहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा मतदान हुनेछ।

# महन्थजीलाई उपराष्ट्रपति बनाउने प्रस्ताव आएको छ



राजीव झा
महासचिव, राजपा नेपाल

सरकारले सबभन्दा पहिले आन्दोलनका बेला लगाइएका झुठा मुद्दा फिर्ता लिनुपर्छ र जेल जीवन बिताइरहेका हाम्रा नेता कार्यकर्तालाई यथाशीघ्र रिहा गर्नुपर्छ। मुद्दा फिर्ता लिनुपर्ने, मुद्दा लागि भूमिगत जीवन बिताइरहेकाहरूलाई स-सम्मान फर्किने वातावरण बनाइदियो भने ओली सरकारमाथि हाम्रो विश्वास अझ बढ्न सक्छ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजपा नेपालले कुन आधारमा विश्वासको मत दिएको हो ?**

– संविधान संशोधन हाम्रो मुख्य मुद्दा हो। मधेशी जनताले हक अधिकार पाउनुपर्छ, शोषित पीडित, उपेक्षित सबैले समान अधिकार पाउनुपर्छ। यो देशको संविधान हाम्रो हो भन्ने स्वामित्व ग्रहण गर्न सक्ने हुनुपर्छ। त्यसका लागि राजपा नेपालले मात्र गरेर संविधान संशोधन हुन सक्दैन। संशोधन गराउनका लागि कुनै न कुनै पार्टीको सहयोग लिनैपर्छ र ती पार्टीलाई समर्थन गर्नैपर्छ। विगतमा पनि हामीले कांग्रेसलाई समर्थन गरेकै हो। त्यतिबेला हाम्रो दुई तिहाई नपुगेर वा कांग्रेस पनि इमान्दार नभएर वा एमाले पनि इमान्दार नभएर हाम्रो माग सम्बोधन भएन। यसपटक हामीले कांग्रेसलाई समर्थन गरेकै जस्तो अहिले पनि एमालेलाई हामीले समर्थन गरेका छौं। संविधान संशोधन हुन्छ भन्ने हाम्रो विश्वास छ। यदि हाम्रो मागअनुसार संविधान संशोधन भएन भने हामी फेरि आफ्नो समर्थन फिर्ता पनि लिन सक्छौं।

**० राष्ट्रपति निर्वाचनमा पनि तपाईंहरूले एमालेलाई नै समर्थन गर्नुभएको हो, किन ?**

– संविधान संशोधनका लागि एमाले र नेकपा माओवादी केन्द्रले सकारात्मक कुरा गरेका छन्। उनीहरूसँग दुई तिहाईको बहुमत पनि छ। संविधान संशोधन गरी मधेशी जनताको हक अधिकार सुनिश्चितताका लागि सहयोग गर्नेलाई हामीले समर्थन गर्नैपर्छ। हामीले राष्ट्रपति निर्वाचनमा वाम गठबन्धनका उम्मेदवारलाई मतदान गरेर हामीले गुण लगाइदिएका छौं। यसलाई अर्को रूपमा पनि हेर्न सकिन्छ कि प्रदेश २ मा वाम गठबन्धनले जसरी समर्थन गरेको छ, त्यसरी नै हामीले पनि राष्ट्रपतीय निर्वाचनमा वाम गठबन्धनलाई समर्थन गरेका हौं।

**० वाम गठबन्धनलाई तपाईंहरूले यसरी समर्थन गर्दैगर्दा सरकारमा जाने वातावरण पनि तयार बन्दै गरेको बुझ्न सकिन्छ ?**

– राजनीति भनेकै सरकारमा जान, देशको विकास गर्नकै लागि हुन्छ। केन्द्रमा पनि हाम्रै बहुमत भइदिएको भए हामी अवश्य पनि सरकार बनाउँथ्यौं। यसले गर्दा कसैले किन सरकार बनायो भन्न मिल्दैन। सरकारमा त जान सकिन्छ, किन नजाने ? तर, संविधान संशोधनको सुनिश्चितता नभएसम्म सरकारमा जाँदैनौं। सबभन्दा पहिला संविधान संशोधन सुनिश्चित हुनुपर्छ।

**० कस्तो किसिमको सुनिश्चितता ?**

– हामीले लिखित रूपमा सुनिश्चितता चाहँदैनौं। यसअघि पनि धेरै पटक हामीसँग लिखित सम्झौताहरू भइसकेका छन् तर, पूरा भएको छैन। संसद्मा वचनबद्धता हुनुपऱ्यो र संविधान संशोधनको पूर्ण रूपेण सुनिश्चितता हुनुपऱ्यो।

**० तपाईंहरूले भनेजस्तै सुनिश्चितता भएपछि राजपा सरकारमा जान्छ ?**

– जान सकिन्छ। सरकारले गरेको वचनबद्धता पूरा गरेन भने र हामी सकरारबाट फिर्ता पनि हुन सक्छौं।

**० तपाईंहरू संविधानको कुन-कुन बुँदामा संशोधन चाहनुहुन्छ ?**

– संविधान संशोधनमा हाम्रो मुख्य सरोकार भनेकै सीमांकन नै हो। सुरक्षा निकायमा मधेशी जनताको समावेशी सहभागिता, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, पत्रकारितामा जनसंख्याको आधारमा प्रतिनिधित्व, हरेक निकायमा समावेशीकरणको सिद्धान्त लागू हुनुपर्ने लगायतका मुद्दाहरू पूरा होस् भन्ने हाम्रो माग हो। यसअघि पनि विभेदको अन्त्यका लागि सरकारलाई लिखित रूपमै मागहरू प्रस्तुत गरिसकेका छौं।

**० मुख्य माग सीमांकन हो भन्नुहुन्छ, त्यो सीमांकन सच्याउन सकिने अवस्था छ त ?**

– सीमांकनका लागि अहिले जे प्रावधान छ, त्यसमा हामीले के भनेका छौं भने जुन प्रदेशमा सीमांकनको विवाद छ त्यो प्रदेशको सहमति होस्। एउटा आयोग बनोस् र त्यो आयोगको प्रतिवेदनअनुसार सीमांकन होस्। मधेशी जनताको चाहनाअनुसार मधेशको भूभाग मधेशमै रहोस्।

**० मधेशको भूभागमा तपाईंहरू कतिवटा प्रवेश चाहनुहुन्छ ?**

– हामी गजेन्द्रबाबुको अनुयायी हौं। हामी सुरूदेखि नै मधेशमा दुई प्रदेश होस् भन्दै आएका छौं। हाम्रो दस्तावेजमै भनिएको छ मधेशमा दुई प्रदेश। एक मधेश प्रदेशको कुरा गर्नेहरू पनि अहिले दुई मधेश प्रदेशमा आइसकेका छन्। तर, हामी सुरूदेखि नै मधेशमा दुई प्रदेशको कुरा गर्दै आएका छौं।

**० अहिलेको अवस्थामा मधेशलाई ६ प्रदेशमा विभाजन गरिएको छ, यसरी हेर्दा मधेशमा अन्य भूभागहरूलाई मिलाएर दुईवटा प्रदेश बनाउन कसरी सम्भव छ ?**

– अहिलेको अवस्थामा जतिसुकै टुक्रामा विभाजन गरिए पनि हाम्रो चाहना र मान्यता मधेशमा दुई प्रदेश नै हो। त्यसकै लागि त हामीले लामो आन्दोलन गऱ्यौं। मधेशमा दुई प्रदेशका लागि हाम्रो माग अहिले पनि यथावत् नै छ। त्यसका लागि हाम्रो आन्दोलन जारी नै रहन्छ। आन्दोलनका लागि बन्द हडताल मात्र गर्नुपर्छ भन्ने पनि छैन। जबसम्म हाम्रो माग सम्बोधन हुँदैन, तबसम्म सम्पूर्ण मधेशी जनता आन्दोलनमै रहन्छन्।

**० केपी शर्मा ओली नेतृत्वको सरकारले तपाईंहरूको माग पूरा गर्छ भन्नेमा कति विश्वास छ ?**

– हामीले विश्वास गर्नुपर्छ। किनकि जोसँग बहुमत छ, उसले माग पूरा गर्छौं भन्ने आश्वासन दिइरहँदा विश्वास गर्ने आधार छ। ओली सरकारले हाम्रा माग पूरा गर्ने सकारात्मक कुरा गरिरहेको छ।

**० सरकारले सामान्य गर्नुपर्ने काम जस्तै आन्दोलनका बेला लगाइएको झुठा मुद्दा पनि फिर्ता लिएको छैन नि ?**

– त्यसका लागि हामीले कांग्रेस नेतृत्वको सरकारलाई पनि भनेका थियौं, मधेशी नेता गृहमन्त्री भएको बेलामा पनि उनले मुद्दा फिर्ता गर्छौं भनेका थिए तर त्यो गर्न सकेन। अहिले प्रधानमन्त्री ओली भन्दै छन् कि तत्कालै मुद्दा फिर्ता गराउने, कैदीबन्दीलाई स-सम्मान रिहाइ गराउने र क्षतिपूर्ति पनि दिने आश्वासन दिएका हुन।

**० तपाईंहरू जसरी केपी शर्मा ओलीको सरकारलाई विश्वासको मत दिनुभयो, त्यस्तै ओली सरकारले अहिलेको अवस्थामा के गरिदिँदा सरकारमाथि तपाईंहरूको विश्वास बढ्छ ?**

– सरकारले सबभन्दा पहिले आन्दोलनका बेला लगाइएका झुठा मुद्दा फिर्ता लिनुपर्छ र जेल जीवन बिताइरहेका हाम्रा नेता कार्यकर्तालाई यथाशीघ्र रिहा गर्नुपर्छ। मुद्दा फिर्ता लिनुपर्ने, मुद्दा लागि भूमिगत जीवन बिताइरहेकाहरूलाई स-सम्मान फर्किने वातावरण बनाइदियो भने ओली सरकारमाथि हाम्रो विश्वास अझ बढ्न सक्छ।

**० प्रधानमन्त्री ओलीले तपाईंहरूसँग थालेको छलफल कति सकारात्मक रहेको पाउनु भएको छ ?**

– कुन मनसायका साथ प्रधानमन्त्री ओलीले हामीसँग छलफल सुरू गर्नुभएको हो त्यो त अहिले नै भन्न सकिन्न। तर, हामीले सकारात्मक रूपमा लिएका छौं। हामी यो देशको चौथो ठूलो पार्टी हौं, राजपा सरकारमा आउँदा झन् राम्रो हुन्छ भन्ने मनसाय होला। किनकि राजपासँग मधेश आन्दोलनको लिगेसी छ। राजपालाई वाइपास गरेर जाँदा मधेशमा राजनीति गर्न गाह्रो हुन्छ भन्ने कुरा उहाँले सोच्नु भएको होला।

**० तर, सुरूमा फोरमसँग मात्र छलफल गर्दा राजपाका नेताहरू सशंकित भएका थिए नि ?**

– यस विषयमा केही नेताहरू रिसाएका होलान्। उनीहरूको व्यक्तिगत रिइसवी हुन सक्छ। प्रदेश २ को सत्ता साझेदार फोरम नेपाल हो। तर, त्यो विषयमा टिक्का टिप्पणी नगर्नु पर्ने हो। फोरमको विषयमा निर्णय गर्ने अधिकार उनीहरू कै हो। यसमा हामीले बोल्नु हुँदैन।

**० वाम गठबन्धनले उपराष्ट्रपति राजपालाई दिने चर्चा भइरहेको छ, वास्तविकता के हो ?**

– त्यो विषयमा त बार्गेनिङ्ग त हुन्छ नै। कति वटा मन्त्रालय दिने, को मन्त्री बन्ने त्यो त पार्टीले तय गर्ने हो।

**० उपराष्ट्रपतिमा तपाईंको पार्टीका संयोजक महन्थ ठाकुरको पनि सुनिन्छ नि ?**

– नाम त जसको पनि आउँछ। तर, यसबारे पार्टीले निर्णय गर्ने हो। उपराष्ट्रपति संयोजकलाई नै बनाउने भन्ने विषयमा छलफल पनि भएको छैन।

**० उपराष्ट्रपति राजपालाई दिने भन्ने वाम गठबन्धनसँग छलफल भएको छ कि छैन ?**

– वाम गठबन्धनले प्रस्ताव गरेको हो। तर, यस विषयमा हामीले पार्टीगत रूपमा कुनै निर्णय गरिसकेका छैनौं।

**० प्रदेश २ को सरकारमा वाम गठबन्धनलाई ल्याउने भन्ने पनि सुनिन्छ, के हो वास्तविकता ?**

– प्रदेश २ मा वाम गठबन्धनले समर्थन गरेको त छ तर, सरकारमै ल्याउने खालको कुरा भएको छैन। वाम गठबन्धनले पनि सरकारमा जाने खालको प्रस्ताव गरेको छैन। वाम गठबन्धनले प्रदेश २ को सरकारलाई विश्वासको मत मात्र दिएको हो। अब प्रदेश २ मा वाम गठबन्धनलाई पनि ल्याउने वा नल्याउने भन्ने बारे कुनै छलफल भएको छैन। केन्द्रमा सरकारमा विस्तार भइसकेपछि त्यसबारे कुनै निर्णय हुन्छ।

# मन्त्रालयभन्दा संविधान संशोधन मुख्य मुद्दा हो

जनताको चाहना, अधिकारको लागि संशोधन गर्नुपर्छ। यस किसिमको जनताको आवाज, इच्छा, आकांक्षाको लागि पनि उहाँहरूले संविधान संशोधन गर्नैपर्छ। हामीले कुनै अलग देश त मागेको होइन नि। हामीले नेपालभित्र नै आफ्नो अधिकार मागिरहेका छौँ। वाम गठबन्धन सकारात्मक रहेसँगै कतिपय कुराहरू पूरा पनि भएको छ।



प्रदीप यादव
प्रतिनिधिसभा सदस्य, फोरम नेपाल

**० संघीय समाजवादी फोरम सरकारमा जाँदैछ भनेर लामो समयसम्म चर्चामा रह्यो, कहिले जान्छ सरकारमा ?**

– पार्टी सरकारमा जाने कुरा त सहि नै हो तर सरकारमा जाने भन्दैमा यत्तिकै जाने होइन। सरकारमा जानुभन्दा अगाडी मधेशका मुद्दा सम्बोधन गर्नका निमित्त एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डजीले लिखित प्रतिबद्धता गर्नुभयो भने मात्र सरकारमा जाने हो। बिना सर्त यसै सरकारमा जाने कुरा छैन। त्यसैले यसको लागि धेरै विषयमा अझै छलफल हुन बाँकी नै छ। छलफल त सकारात्मक नै भइरहेको छ तर टुङ्गो लागेको छैन। मलाई के लागेको छ भने अब बाँकी विषयहरू एक दुई दिन भित्र मिल्नेछ। त्यसपछि हामी सरकारमा जान्छौँ। तर जबसम्म संविधान संशोधन गर्ने लिखित प्रतिबद्धता हुँदैन तबसम्म हामी सरकारमा जाने कुरा छैन।

**० बाहिर त तपाईंहरूसँग मन्त्रालयको कुरा मिलेको छैन भनेर चर्चामा आईरहेको छ, तपाईहरूले कुन-कुन मन्त्रालय माग्नुभएको छ ?**

– मन्त्रालयको कुरा त पछिको कुरा हो तर पहिले सम्झौताको हुनुपऱ्यो। संविधान संशोधन नै पहिलो प्राथमिकता हो। मन्त्रालयको कुरा त पछि मिल्छ नै तर संविधान संशोधनको कुरा जटिल कुरा हो। जुन संघर्ष गरेर हामी यहाँसम्म आईपुगेका छौँ, त्यो त जटिल छ। जुन कुरा जटिल हुन्छ त्यसमा बाधा उत्पन्न त भइहाल्छ। त्यसकारण मन्त्रालयभन्दा पनि हाम्रो प्राथमिकता भनेको संविधान संशोधन नै हो।

**० तपाईंहरूले विश्वासको मत दिनु भएको प्रधानमन्त्री केपी शर्मा ओलीले अब तपाईंहरूले चाहे अनुसार संविधान संशोधन गर्नुहुन्छ त ? संविधान संशोधन भए पनि तपाईंहरूले चाहे अनुसारकै संशोधन हुन्छ भनेर कसरी विश्वास गर्ने ?**

– वास्तवमा भन्नुपर्दा विश्वास गर्ने वातावरण बनाउनुभएको छ प्रधानमन्त्रीज्यूले। बिना विश्वास त केही पनि हुन सक्दैन। राजनीतिमा त विश्वास गर्नु नै पर्छ। यदि विश्वास भएन भने फोरमको १६ र राजपाको १७ गरी ३३ जना सदस्यले मात्रै केही हुने अवस्था त छैन। त्यसैले हामीले विश्वास गरेका छौँ। ओलीजी अहिले संविधान संशोधनप्रति सकारात्मक हुनुहुन्छ र प्रचण्डजी त पहिलेबाट नै सकारात्मक हुनुहुन्थ्यो। त्यसकारण उहाँहरूले संविधान संशोधन गर्नु हुन्छ भन्ने कुरामा पूर्ण रूपमा विश्वास छ।

**० फोरमबाट मन्त्रीमा तपाईंको पनि चर्चा चलिरहेको छ नि ?**

– हामी जनताको प्रतिनिधि भएर गएका छौँ। संविधान संशोधन गरेर पार्टी सरकारमा गयो भने र पार्टीले मौका दियो भने म निश्चित रूपमा देश र जनताको सेवा गर्न तयार छु। यदि म मन्त्री भए भने मेरो काम गर्ने शैली फरक हुन्छ, जुन जनताले देख्नेछ।

**० यदि तपाईं मन्त्री बन्नुभयो भने तपाईंको पहिलो काम के हुनेछ ?**

– यदि म मन्त्री भएँ भने देशको समृद्धिको बारेमा, सम्पूर्ण नागरिक तथा पिछडिएको वर्गको लागि मैले काम गर्छु तर ती सबै कुन मन्त्रालय पाउनेछु त्यसमा भर पर्छ।

**० तपाईंहरू सरकारमा जाने प्रमुख आधारहरू के के रहेका छन् ? जनतालाई कसरी बुझाउनुहुन्छ ?**

– मधेशको जनताले हामीलाई दिल खोलेर मत दिएको छ र हामीलाई जिताएको छ। त्यसकारण मधेशको जनताको लागि एकदम गम्भीर रूपमा सोचेका छौँ। किनकी मधेशको जनताले धेरै बलिदानी दिएको छ, धेरै संघर्ष गरेको छ। हाम्रो एक वचनले लाखौं जनता सडकमा आयो। त्यसकारण हामी जितेर संसदमा आएका छौँ। हामी फोरम र राजपा गरी ३३ जना सांसद रहेका छौँ। त्यो ३३ जना सांसदले मात्रै संविधान संशोधन त हुँदैन। संविधान संशोधन गर्ने हो भने वाम गठबन्धनको सहयोग चाहिन्छ। त्यसकारणले पनि वाम गठबन्धनको विश्वास लिनैपर्छ। हाम्रो कुरामा वाम गठबन्धनले सहमति जनाएको छ। संविधान संशोधन भयो भने निश्चित रूपमा जनताको अधिकार जनताको हातमा जान्छ। त्यसकारण म जनतालाई विश्वास दिलाउन चाहन्छु कि मधेशी जनताको अधिकारबिना हामी सरकारमा जाँदैनौं। अधिकार दिलाउनकै लागि नै हामी सरकारमा जान्छौं। हामी मधेशी जनतालाई अधिकार दिलाएर नै छाड्छौं।

**० मधेश आन्दोलनको समयमा तपाईंकै क्षेत्रमा बढी क्षति भयो, अहिले ती शहिद परिवार र घाइतेको अवस्था कस्तो छ ?**

– शहिद परिवारको अवस्था एकदम दयनीय छ। उनीहरूका घरमा रोजगारी छैन। अब हामीले रोजगारीको ग्यारेन्टी दिनुपर्छ। हामीले धेरै शहिद परिवारलाई चुनावमा ल्यायौं र हामीलाई जिताए पनि। जुन शहिद परिवार रोजगार गर्न इच्छुक छ, उनीहरूलाई महानगरको सहयोगमा छिट्टै नै रोजगारी दिलाउनेछौं। विशेषगरी प्रदेश नं. २ मा फोरम र राजपा गठबन्धनको सरकार बनेको छ। प्रदेश सरकारले पनि शहिद परिवारलाई रोजगारी दिने घोषणा गरिसकेको र थुप्रै अझैसम्म पनि घाइते छन्। घाइतेहरूलाई मासिक केही रकम दिने भन्ने कुरा भइरहेको छ। मैले प्रत्यक्ष रूपमा उनीहरूसँग दुःख सुख बाँडेको छु। उनीहरूको समस्यालाई मैले समाधान गरेको छु र भोलीका दिनमा पनि गर्नेछु।

**० मधेश आन्दोलनका शहिदलाई ५० लाख दिने भनेर घोषणा गर्नुभएको थियो, यस विषयमा के हुँदैछ ?**

– त्यो विषयमा प्रदेश सरकार या पार्टीले केही निर्णय गर्छ। प्रदेश सरकारको कुरा गर्ने हो भने एउटा सिडियोलाई दिने पावर जति पनि प्रदेश सरकार या मुख्यमन्त्रीलाई दिइएको छैन। अहिले पनि केन्द्र शासित राज्यको मानसिकता हाबी छ। अहिलेको सात वटै प्रदेश सरकारको साँचो केन्द्रसँग रहेको छ। यसकारण पहिले केन्द्र सरकारले प्रदेश सरकालाई अधिकार दिनुपर्छ। बजेट र अधिकार दिइसकेपछि हामीले जुन प्रतिबद्धता गरेका थियौं, त्यो हामी पुरा गर्नेछौं।

**० प्रादेशिक सरकार गठन भए पनि प्रादेशिक सरकारलाई अधिकार दिएको छैन ?**

– केन्द्र सरकारले प्रदेश सरकारलाई अधिकार दिएको छैन। एउटा सिडियोलाई दिइने सुरक्षा जति पनि प्रदेशका मुख्यमन्त्रीलाई दिएको छैन। अझ विशेषगरी प्रदेश नं. २ लाई शक्तिशाली बनाउन हामी पहल गर्दैछौं।

**० प्रदेश नं. २ बाहेकका शहिद र घाइते परिवारका लागि के गर्दै हुनुहुन्छ ?**

– प्रदेश २ बाहेक प्रदेश १ र ५ मा पनि केन्द्र सरकार र त्यहाँको प्रदेश सरकारसँग त्यस विषयका लागि पहल गर्नेछौं। प्रदेशसभामा आवाज उठाएर हामीले कति राहत दिन सक्छौं त्यसका लागि हामी कोशिस गर्नेछौं।

**० तपाईंहरू सरकारमा गएपछि मात्रै संविधान संशोधन हुने अवस्था छ कि बाहिर बसेर संशोधन भएपछि मात्रै सरकारमा जाने अवस्था छ ?**

– बाहिर रह्यो भने दबाब कम पर्छ र सरकारमा भयो भने दबाब बढि पर्छ। त्यसकारण सरकारमा रहेर नै दबाब दिनुपर्छ। ओली र प्रचण्डजी पनि यसमा सकारात्मक हुनुहुन्छ। जनताको चाहना, अधिकारको लागि संशोधन गर्नुपर्छ। यस किसिमको जनताको आवाज, इच्छा, आकांक्षाको लागि पनि उहाँहरूले संविधान संशोधन गर्नैपर्छ। हामीले कुनै अलग देश त मागेको होइन नि। हामीले नेपालभित्र नै आफ्नो अधिकार मागिरहेका छौँ। वाम गठबन्धन सकारात्मक रहेसँगै कतिपय कुराहरू पूरा पनि भएको छ। समावेशीता, संघीयता, भाषाका जस्ता मुद्दा पूरा भएका छन्। एउटा सिमांकनको कुरामा आएर हाम्रो कुरा अड्किएको छ। अब यसको पनि समाधान होला।

**० तपाईंहरूको मुख्य माग के हो ?**

– हाम्रो प्रमुख माग सिमांकन नै हो।

**० सीमांकन सच्याउन या हेरफेर गर्न सजिलो छ ?**

– चाहना हुनुपर्छ सकिन्छ। जिल्लालाई टुक्राएर गर्ने हो भने यो सम्भव छ। यो विषयमा पनि वाम नेताहरू सकारात्मक नै छन्।

**० मधेशलाई कति प्रदेश हुनु पर्ने तपाईंहरूको माग हो ?**

– मधेशमा २ प्रदेश हुनुपर्छ।

**० तपाईंहरूले चाहेअनुसारको संविधान संशोधन भएन भने त्यस पछि तपाईंहरूको रणनीति कस्तो हुनेछ ?**

– यदि त्यस्तो भयो भने हामी आन्दोलनमा जानेछौं। किनभने हामीले आन्दोलनलाई रोकेको मात्र हो समाप्त नै गरेका छैनौं।

**० सरकारमा रहेर आन्दोलन गर्नुहुन्छ कि राजीनामा दिनुहुन्छ ?**

– राजीनामा दिन्छौं। कुन प्रक्रियाबाट संघर्ष गर्नुपर्ने हो, सडक या सदन यी दुवै ठाउँबाट हामी संघर्ष गर्न तयार छौं। तर त्यस्तो वातावरण आउँदैन भन्ने मलाई विश्वास छ।

**० तपाईंहरूको माग कति दिनसम्म पुरा भइसक्नु पर्छ ? केही समयसीमा तोक्नुभएको छ ?**

– त्यो पार्टीको नेतृत्वले निर्णय गर्ने विषय हो। पार्टीमा छलफल हुँदैछ। पार्टीले नै यो विषयको तय गर्दछ।

**० छिमेकी मुलक भारतका नेताहरूसँग पनि तपाईंहरूको भेटघाट भइरहन्छ, उनीहरूसँग के कुरा हुन्छ ?**

– नेपाल र भारतबीच हाम्रो रोटीबेटीको सम्बन्ध छ। त्यसकारण मित्रको बारेमा नै धेरै कुरा हुन्छ। केही व्यक्ति भारत र नेपालको खुला सिमानालाई बन्द गर्ने गलत तर्क गर्छन र म यसको विरोधमा छु। किनभने भारतसँग हाम्रो बेटीको सम्बन्ध छ। यसकारणले गर्दा मधेशलाई समस्या पर्छ।

# मधेश आन्दोलनको प्रतिवेदन सार्वजनिक गरिनु पर्छ



उत्तम पुडासैनी

मानवअधिकारको विषयलाई हामीले तुलनात्मक रूपमा हेर्नुपर्दा अहिले त्यसमा सुधार त पक्कै आएको नै छ तर सन्तोष गर्ने अवस्था भने छैन । तराई मधेशमा भएका मानवअधिकारको उल्लघंनका सवालमा हामीले मधेश आन्दोलन भए पश्चातका दिनहरूमा मधेशमा नै गएर मानव अधिकार शान्ती समाज संस्थाले त्यहाँको जनतालाई मानव अधिकारको पक्षमा लाग्न र ऐक्यबद्धताका लागि अनुरोध गरेको थियो । अहिलेको परिस्थितिमा तराई मधेशको एउटा अधिकार र पहाडको अर्को अधिकार भनेर छुट्याएर हेर्नुभन्दा पनि समग्रको मानव अधिकारको अवस्था अलिकति दयनिय भएकै हो ।

हामी कानुनी शासनमा विश्वास गर्छौं । जहाँ जुन अवस्थामा कानुन उल्लघंन भएपनि हामीले त्यसलाई निन्दा गर्न पछि परेका छैनौं । हामीले निरन्तर आवाज उठाईरहेका छौं । तराई मधेशका जनताको पक्षमा पनि हामीले निरन्तर आवाज उठाईरहेका छौं र मानवअधिकारको विषयलाई सशक्त रूपमा अगाडी बढाउनुपर्छ भनेर सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छौं ।

मधेश आन्दोलनको क्रममा मानवअधिकार उल्लघंनको सम्बन्धमा हामीले के पहल गर्यौं भन्दा पनि हामीले के आशा गरेका थियौं भने तराई मधेशमा मानवअधिकार उल्लघंनका क्रममा ज्यादती भएकै हो र आन्दोलनकै क्रममा पनि हिंसालाई भड्काउने र हिंसाको साहारा लिने पद्धतिलाई हामीले कदापी स्वीकार गरेनौं । तराई मधेशी जनताको पक्षमा हामी निरन्तर ऐक्यबद्धता जनाउँदै आएका छौं र उनीहरूको पक्षमा छौं । केही राजनीतिक पार्टीहरूले हिंसाको साहारा पो लिन लागेको हो कि भन्ने कुरामा हाम्रो त्रास उत्पन्न भएको हो । त्यस्तो प्रवृतिको प्रक्षपोषण हामीले कहिले गरेनौं र गर्दैनौं पनि ।

राज्यपक्षबाट क्रुरता अपनाउँछ भने त्यो मानवअधिकार उल्लघंन हुन्छ । हामीले राज्य पक्षलाई संयमित भएर जनताको अधिकार कुञ्चित नहुने गरी आफ्नो कार्य अगाडी बढाऊ, जनताका अधिकारहरू कुञ्चित हुनु हुँदैन भनेर निरन्तर रूपमा ध्यानाकर्षण गर्दै आइरहेका छौं ।

हामीले बारम्बार भनिरहेका छौं । मानिसको ज्यान जाने क्रियाकलापहरू अगाडी बढाउन हुँदैन, सबैमा समान व्यवहार गर्नुपर्दछ भनेर भनेका छौं । राज्यकै नीतिको कुरा गर्नुभन्दा पनि शीर्ष नेताहरूको असंयता हो कि जस्तो मलाई लाग्दछ ।

म मानवअधिकार तथा शान्ति समाजको महासचिवको नाताले के भन्न चाहन्छु भने राज्यको दृष्टिमा कुनै पनि नागरिकहरूमाथि विभेद हुनु हुँदैन । तराई मधेशमा विगतमा भएका केही ज्यादतीलाई अबका दिनमा नगर्न हामीले सरकारलाई निरन्तर अनुरोध गरेका छौं र गरिरहन्छौं । कसैमाथि पनि विभेद गर्न हुँदैन र यदि त्यस्तो हुन्छ भने पछाडी बसेर त्यसको विरूद्धमा आवाज उठाउने प्रतिबद्धता जाहेर गर्दछौं ।

यहि किसिमले नै विभेद भएको छ भनेर अहिले भन्न सक्ने अवस्था छैन । हामीले स्वतन्त्रताको लागि लड्यौं, समानता, मानवअधिकारका लागि लड्यौं । जात, धर्म, वर्गको आधारमा कसैमाथि पनि विभेद हुनु हुँदैन भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ । कतिपय मान प्रतिष्ठाका कुरा छन् भने ती कुराहरूलाई समायोजन गर्नुपर्छ ।

यो वास्तवमा राजनीतिक दृष्टिकोणको कुरा छ । भनिन्छ, नेपालमा राजनीति त हुन्छ तर कुशल राजनेता जन्मिन सकेको छैन । जहाँसम्म तराई मधेशमा भएको आन्दोलन र त्यो आन्दोलन पछाडी जुन किसिमले सम्बोधन राज्यले गर्नुपर्थ्यो त्यो राज्यपक्षबाट नभएको सन्दर्भमा र अहिले आएर सम्बोधन हुने हो कि भन्ने सम्भावना देखिरहेको छ । राजनीतिक लालच हाबी भएर हो कि ? जनताका चाहनाभन्दा पनि सर्वशक्तिमान बन्ने होडबाजी भएर यस्तो भएको हो कि भन्ने मेरो व्यक्तिगत धारणा रहेको छ ।

टीकापुर घटनाको दोषी मानिएको रेशम चौधरीको विषयमा मेरो व्यक्तिगत धारणाभन्दा पनि संस्थाको धारणा छ । कोही पनि व्यक्ति कुनै पनि परिस्थितिमा उन्मुक्ति पाउनु हुँदैन । यदि कसैले अपराध गरेको छ भने सजाय पाउनुपर्दछ । जनमतको कुरा गर्ने हो भने भोली कुनै दलको जनमत होला । यो जनमत प्राप्त व्यक्ति हो भनेर छाड्न थाल्यौं भने यसबाट अराजकता पनि निम्तिन सक्छ । त्यसकारण कानुनी कारबाहीलाई अगाडी बढाउनु पर्छ । रेशम चौधरीको सन्दर्भमा हाम्रो कुनै धारणा छैन । कानुनी प्रक्रियालाई नै अगाडी बढाउनुपर्छ र कुनै पनि अपराध गर्ने व्यक्तिहरू छुट्नु हुँदैन भन्ने हाम्रो स्पष्ट धारणा रहेको छ । यदि रेशम चौधरी कानुनी प्रक्रियाअनुसार अपराधी छैनन् र निर्दोष छन् भने उनले उन्मुक्ति पाउनुपर्छ ।

टीकापुर घटनाकोसन्दर्भमा हाम्रो न्याय प्रक्रिया कस्तो छ भने कतिपय मुद्दाहरूको टुंगो लगाउन २०/३० वर्ष लागिरहेका हुन्छन् । न्याय प्रक्रिया चुस्त रहेको छ । कसैमाथि अभियोग लगाएर तटस्थ राखेर कसैमाथि अन्याय गरिनुहुँदैन र जहाँसम्म रेशम चौधरीको सन्दर्भ रहेको छ, उनीमाथि कुन किसिमको मुद्दा लगाइएको छ त्यसको छिटोभन्दा छिटो न्यायिक प्रक्रियामा गएर अगाडी बढ्नुपदर्छ । न्यायालयले त्यसको फैसला गर्न सक्ने अवस्था हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

हुन त क्षतिपूर्ती ऐन पनि रहेको छ । क्षतिपूर्तीको लागि राज्यसँग लड्नुपर्दछ । राज्यले जे गल्ती गरे पनि हुने, आम नागरिकलाई भने जस्तोसुकै आरोप लगाएर बन्धक बनाउने प्रद्धतिको अन्त्य हुनुपर्दछ । यदि उहाँहरू कानुनबाट निर्दोष ठहरिनुभयो भने क्षतिपूर्तिको लागि हामी लड्छौं ।

त्यो त अब हामी न्यायधीश पनि होइन र मुद्दा दायर गर्ने निकाय पनि होइन । त्यसैले उनीहरू माथि कुनै यातना दिइए या कुनै किसिमको अमानवीय कार्य गरेर पठाउने प्रयास हुन्छ भने हामी त्यसमा भत्सर्ना गर्छौं, विरोध गर्छौं । कुन कुरा ठिक कुन कुरा बेठिक भनेर छुट्टयाउने उनीहरू त्यहाँ थिएनन भन्न सक्दैनौं । किनभने हामीले त्यो घटनाको अनुसन्धान गरेनौं । यो कुरालाई मिडियाले नै प्रमाणसहित घटना सार्वजनिक गर्न सक्ने हो भने यो कुरा थाहा हुन्छ ।

हाम्रो सबैभन्दा ठूलो बिडम्बना नै भन्नुपर्छ, सरकारहरू आयोग गठन गर्ने त्यसपछि आफ्नो अनुकुल प्रतिवेदन आयो भने सार्वजनिक गर्ने र प्रतिकूल आयो भने सार्वजनिक नगर्ने प्रक्रिया निरन्तर नै छ । हाम्रो आग्रह के छ भने मधेश आन्दोलनसम्बन्धी गठित लाल आयोगको प्रतिवेदनलाई सार्वजनिक गरेर तदनुरूप कारबाहीको प्रक्रिया अगाडी बढाउनुपर्छ भन्ने रहेको छ ।

*(मानव अधिकार तथा शान्ति समाजका महासचिव पुडासैनीसँग मधेशवाणीले गरेको कुराकानीको आधारमा)*

- ☞ नेपालमा राजनीति त हुन्छ तर कुशल राजनेता जन्मिन सकेको छैन । जहाँसम्म तराई मधेशमा भएको आन्दोलन र त्यो आन्दोलन पछाडी जुन किसिमले सम्बोधन राज्यले गर्नुपर्थ्यो त्यो राज्यपक्षबाट नभएको सन्दर्भमा र अहिले आएर सम्बोधन हुने हो कि भन्ने सम्भावना देखिरहेको छ ।
- ☞ कोही पनि व्यक्ति कुनै पनि परिस्थितिमा उन्मुक्ति पाउनु हुँदैन । यदि कसैले अपराध गरेको छ भने सजाय पाउनुपर्दछ ।
- ☞ यदि रेशम चौधरी कानुनी प्रक्रियाअनुसार अपराधी छैनन् र निर्दोष छन् भने उनले उन्मुक्ति पाउनुपर्छ ।
- ☞ हाम्रो आग्रह के छ भने मधेश आन्दोलनसम्बन्धी गठित लाल आयोगको प्रतिवेदनलाई सार्वजनिक गरेर तदनुरूप कारबाहीको प्रक्रिया अगाडी बढाउनुपर्छ भन्ने रहेको छ ।


## तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको संक्षिप्त परिचय

पानी मानव तथा सम्पूर्ण प्राणी जगतका लागि जिवनको आधार हो । यसको अस्तित्व विना मानव जीवनको परिकल्पना पनि गर्न सकिदैन । भनिन्छ , पानी जिवनको सार हो ; जहाँ पानी हुन्छ त्यहाँ जिवन हुन्छ , जहाँ पानी हुँदैन त्यहाँ जिवनको अस्तित्व सम्भव हुँदैन । पानीको समुचित तथा स्वच्छ प्रयोग हुन नसकेका खण्डमा दूषित पानीको माध्यमबाट विभिन्न प्रकारका रोग लाग्न सक्छन् ; फलस्वरूप धन , समय र स्वास्थ्यको बर्बादी त हुन्छ नै अकालमा मृत्युको अंगालोमा पनि पर्न सकिन्छ । तसर्थ स्वस्थ जीवन यापन गर्न सरसफाइ र स्वच्छ पानीको अतिआबश्यक पर्दछ ।

यसै तथ्यलाई मध्यनजर गर्दै प्रथम साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको सफल कार्यान्वयन पश्चात, दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना २०६६/०६७ देखि २०७२/०७३ सम्म २१ ओटा साना शहरहरूमा एसियाली विकास बैंकको अनुदान सहयोगमा सम्पन्न हुने क्रममा छन् । यी आयोजनाहरू सम्पन्न भए पश्चात करिब ३ लाख ३५ हजार २ सय ४६ जनसंख्यालाई उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध हुने छ भने करिब ८ हजार गरीब तथा विपन्न घरधुरीमा प्रतिफलमा आधारित अनुदानबाट चर्पी तथा धारा निर्माण हुनेछन् । त्यसै गरी ५ ओटा नगरमा सेफ्टी टैंकबाट निस्केको फोहर व्यवस्थापन र २१ओटा नगरमा फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यक्रम लागु गर्ने प्रावधान रहेको छ । हाल पहिलो र दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनालाई निरन्तरता दिदैं एसियाली विकास बैंकको ऋण सहयोगमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आ.ब. २०७१/०७२ देखी २०७७/०७८ सम्म करिव २६ ओटा नगरहरूमा सञ्चालन हुन गइरहेको छ । जसको फलस्वरूप ३ लाख ९० हजार सनसंख्याले उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा प्राप्त गर्नेछन् । त्यसैगरी यस आयोजनाबाट ७८ हजार घरधूरीमा अतिरिक्त नीजि धारा जडान र ६९,६८० क्यु.मि. क्षमता भएको २६ ओटा प्रशोधन केन्द्र बन्नेछन् । यसैगरी प्रतिफलमा आधारित अनुदानबाट गरिव घरपरिवारमा करिव २० हजार ३ सय ओटा चर्पी र धारा निर्माण हुनेछन् । साथै २६ ओटा सेफ्टी टैंक समेतको सार्वजनिक शौचालय निर्माण हुने प्रावधान रहेको छ । यसको अतिरिक्त १४ ओटा आयोजनाहरूमा सेफ्टी टैंकबाट निस्केको फोहर व्यवस्थापन सुविधाको निर्माण र २ ओटा २५ सय क्यु.मि. प्रति दिन क्षमता भएको विकेन्द्रित खेर गएको पानी प्रशोधन सुविधा (DEWATS) को निर्माण गर्ने व्यबस्था रहेको छ ।

**साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको आधारभूत अवधारणा :**

- नेपाल सरकार, स्थानीय उपभोक्ता र स्थानीय निकायको सहलगानी तथा लागत असुलीमा आधारित ।
- खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, संचालन र सम्भारमा उपभोक्ताको स्वामित्वपूर्ण सहभागिता ।
- सेवा सुविधाको गुणस्तरमा सुधार र सेवास्तरमा बृद्धि ।
- लैंङ्गिक समता र सामाजिक समावेशीकरण ।
- विपन्न वर्गलाई खानेपानी तथा सरसफाइमा सुविधा पुऱ्याउन प्रतिफलमा आधारित अनुदानको व्यवस्था ।
- पारदर्शीता र उत्तरदायित्व ।

**तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना**

**आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ**
फोन नं. ९७७ १ ४४२३८४८ फयाक्स : ९७७ १ ४४१३२८०
इमेल :info@ stwsssp.gov. np ,वेबसाइट : www.stwsssp.gov.np


## मधेश अपडेट

### मुख्यमन्त्री गद्दीद्वारा पुल शिलान्यास

पर्सा । प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले पर्साको छिपहरमाई गाउँपालिकास्थित ओरिया खोलामा निर्माण हुन लागेको पुलको शिलान्यास गरेका छन् । सो अवसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले प्रदेश नं. २ को विकासका लागि विदेशी दातृ निकाय लगानी गर्न तयार भएपनि यसका लागि केन्द्र सरकारसँग अनुमति लिनुपर्ने कानुनी प्रावधानका कारण लगानी ल्याउन नसकेको बताए । मुख्यमन्त्री गद्दीले राज्य सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक ऐन कानुन तीन महिनाभित्र निर्माण गर्ने उल्लेख गर्दै तत्काल एक दर्जन कानुन निर्माणमा प्रदेश सरकार जुटेको उल्लेख गरे । चार मिटर चौडाई, १० मिटर उचाइ र ४३ मिटर लम्बाइको उक्त पुल रू तीन करोड ५१ लाखको लागतमा निर्माण हुन लागेको जनाएको छ ।

### सीके राउतलाई बैशाख १२ उपस्थित हुन आदेश

राकेश यादव, रौतहट । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउत बुधबार तारीख लिन रौतहट आएका थिए । नेपाल सरकार वादी रहेको राज्य विप्लव मुद्दामा तारीख लिनका लागि राउत रौतहट जिल्ला अदालतमा हाजिर भएका थिए । प्रतिवादी बनाइएका राउत अदालत परिसरमा प्रवेश गरेपछि सर्वसाधारणको भीड लागेको थियो । गठवन्धनका रौतहट संयोजक अशोक सिंह राजपूत, सहसंयोजक विरेन्द्र साहसहित अदालत आएका राउतलाई समर्थकहरूले भेटघाट गरेका थिए । राउत रौतहट आएको थाहा पाएपछि स्थानीयहरू नाम सुनेको भए पनि प्रत्यक्ष हेर्न पाउने आशाका साथ अदालत भित्र र बाहिर अधिक संख्यामा उपस्थित भएका थिए । करीव आधा घण्टासम्म अदालतमा बसेका राउतको बढी समय समर्थकहरूले सेल्फी लिनमा नै उपयोग गरेका थिए । अदालतले राउतलाई २०७५ बैशाख १२ गते हाजिर हुने गरी तारीख तोकेको छ । तारीख लिएर संयोजक राउत फिर्ता भएको जिल्ला संयोजक सिंहले जानकारी दिएका छन् । संचारकर्मीहरूले विचार राख्न अनुरोध गर्दा पनि वक्तव्य दिन डाक्टर राउतले इन्कार गरेका थिए ।

### दोस्रो सप्तरी महोत्सव

राजविराज । सप्तरीको राजविराजमा 'दोस्रो सप्तरी महोत्सव २०७४' शुरू भएको छ । महोत्सव उदघाटन गर्दै प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले अर्थतन्त्रको विकासका लागि देशमा श्रम, सीप र साधनको उचित विकास हुनपर्ने बताए । तराई मधेसमा बसोबास गर्ने आदिवासी, जनजाति, दलित, मुस्लिमसहित मुलुकको समग्र विकासका लागि यस्तो व्यापार मेलाको आवश्यकता रहेको पनि उनले बताए । प्रदेश नं. २ का विकासमन्त्री नवलकिशोर साहले उद्योगको विकास गर्नसके जिल्लाको समग्र विकास हुने विचार व्यक्त गरे । पर्यटन क्षेत्रको पहिचान तथा विकासमा सहयोग गर्ने, आधुनिक नयाँ प्रविधि, उपकरण एवं मेसिनका बारेमा जानकारी गराउने, उत्पादन र उपभोक्ताबीच सम्बन्ध अभिवृद्धि गर्ने, लगानीका अवसर सिर्जना गर्ने तथा मिथिला, थारू, मुस्लिम, मारवाडी, नेवार, मगरसहित विभिन्न संस्कृतिको सांस्कृतिक प्रदर्शनी गर्ने र खानाका विभिन्न परिकारको स्वाद दिइने उद्देश्यले शुरू भएको सो महोत्सवमा १५० स्टल राखिएका छन् ।

### अमरण अनसन स्थगित

कैलाली । टीकापुर घटनाको अभियोगमा कैदीबन्दीको जीवन बिताइरहेको २४ जनाले आमरण अनसन स्थगित गरेका छन् । उनीहरूले कैलाली क्षेत्र नं. १ का निर्वाचित रेशमलाल चौधरीलाई प्रमाण पत्र दिनुपर्ने, झुठामुद्दा फिर्ता गर्नुपर्ने लगायतका माग राखी नौ दिनदेखि कारागारभित्रै आमरण अनसन थालेका थिए । स्थानीय प्रशासनसँग चाबुँदे सहमति गरेर कारागारमा रहेका २४ जना कैदीबन्दीले आमरण अनसन स्थगित गरेका हुन् । रेशम चौधरीको सपथ ग्रहणका लागि सम्बन्धित निकायहरूमा जिल्ला प्रशासन कार्यालयले अविलम्व जानकारी गराउने, टीकापुर घटनामा थुनिएका माथि लगाइएका मुद्दा फिर्ता लिन र क्षतिपूर्तिका लागि १५ दिन भित्र सम्वोधन गरिनुपर्ने सर्त राखेर उनीहरूले अनशन तोडेका छन् ।

### महोत्तरीमा नीलगाई फेला

महोत्तरी । महोत्तरीको दक्षिण पश्चिमवर्ती आधा दर्जन गाउँमा एकैसाथ १०० भन्दा बढी नीलगाई फेला परेका छन् । भारतसँग सीमा जोडिएको महोत्तरीको मनरा, एकडारा, इटहर्वाकट्टी, भोलही, पोखरभिण्डा, सम्सीलगायतका गाउँमा दुर्लभ वन्यजन्तुका रूपमा रहेको नीलगाई १०० भन्दा बढीको संख्यामा देखिएको स्थानीय बासिन्दाले बताएका छन् । स्थानीयवासीले यसअघि कहिले नदेखिएको गाईजस्तो तर निलो रंगका ती जनावर एक्कासि गाउँको वनमा आएपछि गाउँले जनावरलाई हेर्न वनमा ओइरो लागेको छ । जिल्लाको माथिल्लो भागमा रहेका वन जंगलमा डढेलो, चोरी शिकारीजस्ता क्रियाकलापले तीव्रता पाएका कारण दुर्लभ वन्यजन्तु नीलगाई महोत्तरीको तल्लो क्षेत्रतिर आएको हुनसक्ने स्थानीयवासीले आशंका गरेका छन् ।

### समस्या पहिचान कार्यक्रम सम्पन्न

कपिलवस्तु । जिल्ला तथा स्थानिय स्तरका समस्या पहिचान र प्राथमिकिकरा गर्न सरोकरवालाहरू संग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । शान्ति निर्माणको लागि सुन्दर शान्त नेपाल अभियान परियोजना अर्न्तगत उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा स्थानिय तथा जिल्ला स्तरमा रहेको समस्याहरूलाई सबै सरोकारवाला निकायहरूले आ-आफ्नो धारण राखेका थिए । सो कार्यक्रममा उपभोक्त समितिमा राजनितिकरण, मुस्लिम विद्यार्थी सरकारी स्कुलमा नजाने, मदरसालाई व्यवस्थीत गर्ने, विद्यालयमा पुस्तकलयको व्यवस्था, जतिय भेदभाव, नदिजन्य पदार्थको दोहन, स्थानिय तहहरूमा कानुनको अभाव, सबै कार्यलयहरूमा नगरिक बडा पत्र, कार्मचारी समायोजन, यातायात, प्राकृतिक स्रोतहरूलाई व्यवस्थापन, स्वस्थ्य संस्था र स्थानिय तह बिच तलमेल नहुनु, लुम्बिनी तौलिहवा सडक दुई लेन मात्र निर्माण गर्दा कपिलबस्तु लाई नितिगत रूपमा राज्यले उपेक्षा गरेको, संक्रमण काललाई व्यवस्थापन, स्थानिय जन प्रतिनिधि र कर्मचारी विच तालमेल नहुने जस्ता समस्याहरू उपस्थित सहभागीहरू बताएका थिए ।

### छोरी बचाउ अभियानअन्तर्गत सम्मान

विराटनगर । विराटनगर महानगरपालिकाले छोरी बचाउ अभियानअन्तर्गत प्रोत्साहनसहित सम्मान गरेको छ । विराटनगर १८ की रेखादेवी साहसहित निश्चित दायरा पूरा गर्ने अन्य ३० दम्पतीलाई पनि नगद तीन हजारसहित सम्मान गरेको छ । महानगरले विवाहको उमेर कम्तिमा २० वर्ष पूरा गरेको, पहिलो सन्तान छोरी भएको, नियमित गर्भ जाँच गराएको र अस्पतालमा प्रसुती गराउने आमाहरूलाई छोरी बचाउन अभियान रूपरूप महानगरले त्यस्ता दम्पतीलाई प्रोत्सान गर्ने अभियान ल्याएको थियो । जसका लागि त्यस्ता दम्पतीलाई निवेदन दिन महानगरले आग्रह गरेको थियो । सोही अनुरूप महानगरमा परेको ३१ निवेदन परेका दम्पतीलाई नगद तीन हजार रूपैयाँसहित मेयर भीम पराजुली र उपमेयर इन्दिरा कार्कीले संयुक्त रूपमा सम्मान गरेको हो । मेयर पराजुलीले तराईमा छोरीप्रति हेर्न दृष्टिकोणमा परिवर्तन ल्याउन छोरी बचाउन अभियान सञ्चालनमा ल्याइएको जानकारी दिए ।

### भारतीय सीमा क्षेत्रका जनता विकास कार्यक्रमबाट लाभान्वित

विराटनगर । मोरङ जिल्लाको सीमावर्ती भारतीय क्षेत्रसँग जोडिएका क्षेत्रका बासिन्दाको क्षमता विकासका लागि सञ्चालित 'सीमा क्षेत्र विकास कार्यक्रम' लागू भएसँगै विकास निर्माण कार्यले गति लिन थालेको छ । मोरङ जिल्लाअन्तर्गत पर्ने विराटनगर महानगरपालिकासहित रंगेली, सुनवर्सी, रतुवामाई नगरपालिका तथा जहदा र धनपाल गाउँपालिकाका भारतीय सीमा क्षेत्र विकास कार्यकम सञ्चालनमा आएको हो । दुई वर्षदेखि सञ्चालनमा आएको सीमा क्षेत्र विकास कार्यक्रमअन्तर्गत गतवर्ष रू तीन करोड ५० लाख रकम विनियोजित भएको थियो । उक्त रकमबाट सडक, पुल पुलेसा निर्माणदेखि किसानका लागि बोरिङ, साना सिँचाइ योजनासमेत सञ्चालनमा आएका छन् । विकास निर्माणका पूर्वाधारदेखि स्थानीयवासीको आयआर्जन, सीप विकासमा बजेट खर्च भएको कार्यक्रमका इन्जिनियर कञ्चन भट्टराईले बताए । भारतीय क्षेत्रभन्दा नेपालको क्षेत्रका बासिन्दा मानव विकास सूचकांकमा पछि परेको तथा भौतिक पूर्वाधार र सामाजिक क्षेत्रमा समेत पछाडि रहेको पाइएकाले नेपाल सरकारले उक्त कार्यक्रम सञ्चालनमा ल्याएको हो । कार्यक्रमअन्तर्गत मोरङ जिल्लामा २.५ किलोमिटर कालोपत्र सडक, कल्भर्ट, कृषि बजारका लागि भवन निर्माण, १३ जना किसानलाई निःशुल्क पम्पसेट वितरण तथा डिप बोरिङ, २२ जना किसानलाई हाते ट्र्याक्टरसमेत वितरण गरेको छ ।

# छोरी पढाउन विशेष प्याकेज ल्याउँछौं : मुख्यमन्त्री राउत

**अनिल तिवारी**

वीरगन्ज । प्रदेश नं २ का मुख्यमन्त्री महम्मद लालबाबु राउत गद्दीले छोरी पढाउन विशेष प्याकेज ल्याउने बताएका छन् । उनले बेटी पढाउ घर अघि बढाउ अभियान नै सञ्चालन गरेर प्रदेशका छोरीहरूलाई शिक्षित तुल्याउने बताए । वीरगञ्ज महानगरपालिका वडा नं ३१ बेल्वालाई संघिय संरचनापछि प्रदेश नं २ कै पहिलो बालमैत्री वडा घोषणा गर्दै बुधबार उनले प्रदेश सरकारको तर्फबाट छोरी पढाउन विशेष प्याकेजको घोषणा हुने जानकारी गराए ।

'गर्ल्स एजुकेशन पहिलो प्राथमिकतामा राख्ने सोच प्रदेश सरकारको छ । विशेष ऐन नियम ल्याएर छोरीको शिक्षाका लागि विशेष प्याकेज ल्याउँछौं । छोरीलाई पढाएर छोरा सरह अधिकार दिलाएर प्रदेशको विकासमा छोरीको भूमिका दिन्छौं ।' उनले भने 'प्याकेजमा डोम र मुसहर छात्रालाई छात्रवृत्तिको विशेष प्याकेज हुन्छ ।'

विशेष प्याकेज पछि छोरालाई मात्रै पढाउने छोरीलाई नपढाउने चलनको अन्त्य हुने उनको दावी छ ।

'आजका साना नानी भोली मुलुकको भविष्य हुन्, उनीहरूको पालन पोषण, शिक्षा स्वास्थ्य लगायत समग्र विकासमा परिवार र समाजले ध्यान दिनुपर्छ । ' उनले भने ' बालबालिकामा परिवार र समाजको माया भएन भने मुलुकको विकास संभव छैन । '

यसअघि मुख्य मन्त्री गद्दीले ताम्रपत्र पढेर वडाले बालमैत्रीका सबै सूचक पुरा गरेका कारण वीरगञ्ज



महानगरपालिकाको वडा नं ३१ बालमैत्री वडा बन्न सफल भएको घोषणा गरे । समारोहमा बोल्दै वीरगञ्ज महानगरपालिकाका प्रमुख विजय कुमार सरावगीले आफूले सपथ खाएकै दिन नगरलाई बालमैत्री बनाउने निर्णय गरेको स्मरण गरे । उनले बालबालिकाको वृहत्तर विकासका लागि आमाको गर्भ देखि नै उचित स्याहार गर्नुपर्नेमा जोड दिए ।उहाले देशको भविष्य नै बालबालिकाहरू रहेकोले उनीहरूको भौतिक तथा शैक्षिक अधिकारले मुलुकको भबिष्य सबल हुने बताउनु भयो

१ हजार ३ सय २५ घरधुरी रहेको वडामा १० हजार ४४ जनसंख्या र ४ हजार ५ सय ४४ बालबालिका छन् । वडाले बाल मैत्री वडा घोषणाका लागि आवश्यक सबै ३९ वटा सूचक पुरा गरेको वीरगञ्ज महानगरपालिकाले जनाएको छ । ३९ सूचक मध्ये एक दर्जन संस्थागत र बाँकी २७ वटा सेवा प्रवाहबाट निर्धारण गरिएको सूचक रहन्छ ।

सूचक तर्फ ६ महिना सम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको, एक बर्ष भित्रका बालबालिकाले पूर्ण रूपमा खोप पाएको, ६ महिना देखि ५ बर्ष मुनिका सबै बालबालिकाहरूलाई बर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको, गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको, गर्भवती महिलाहरूले कम्तीमा प्रसुति पूर्व ४ पटक र प्रसूती पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाच गराइएको हुनु पर्छ ।

त्यसैगरी , ५ बर्ष मुनिका संपूर्ण बालबालिकाको जन्मदर्ता, बालविवाहमा कमी आएको, निकृष्ट प्रकारको बालश्रम दर घटेको, बाल हिंसाहरू कम भएको हुनु पर्छ ।

प्रत्येक विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालय, टोल र वडामा बाल क्लब गठन भई कृयाशिल रहेको, स्थानीय तहको प्रत्येक संरचनामा बाल क्लवको सहभागिता गराइएको, स्थानीय तहले नगर परिषदमा बालबालिकाका लागि १५ प्रतिशत बजेट छुट्याएको हुनु पर्ने छ । बालबालिका सम्बन्धि स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनु पर्ने छ ।

कार्यक्रममा उपमेयर शान्ति कार्किले यो कार्यक्रमले प्रदेश नम्बर २मा एउटा नया माहौल उत्पन्न हुने बताउदै बालबालिकाको अधिकार प्रति सरोकारवाला सबैको ध्यानाकर्षण गराउनु भएको थियो । कार्यक्रममा बडा नम्बर ३१का बडाअध्यक्ष चुमन चौधरीले बालमैत्री स्थानिय शासन बडा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने युनिसेफ नेपालका रिप्रजेन्टेटिभ रौनक खान, बालिका अनिसा धडेर,पर्साका जिल्ला शिक्षा अधिकारी बर्खु रजत लगायतका व्यक्तिहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# अभावै अभावमा प्रदेश ५ को सरकार : मुख्यमन्त्री पोखरेल

**चन्द्रकान्त खनाल**

रूपन्देही । प्रदेश नम्बर ५ का मुख्य मन्त्री संकर पोखरेलले प्रदेश नम्बर ५ को सरकार अभावै अभावमा रहेको बताएका छन् । उनले बुटवलमा अस्थायी राजधानी राख्नका लागी पनि पर्याप्त पूर्वाधारहरू नभएको बताएका हुन् । उनले अस्थायी राजधानीका लागी पनि वैज्ञानिक आधारका पूर्वाधारहरू नभएको हुँदा अस्थायी संरचना समेत सर्न सक्ने बताएका हुन् ।

बुटवलमा सोमबार पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले स्थायी केन्द्र तोक्ने अधिकार प्रदेशसभालाई भएको बताउँदै सहमतिका आधारमा स्थायी राजधानी तोक्ने बताए । उनले सबेलाई पाएक पर्ने तथा व्यवस्थित र सुविधासम्पन्न क्षेत्रमा राजधानी राख्नुपर्ने बताए ।

उनले भने - सामान्यतया अहिलेको अवस्थामा मुख्यमन्त्री कार्यालयलगायत ६ वटा मन्त्रालय स्थापना गर्नुपर्ने थियो । भविष्यमा हामीले प्रदेश सरकारलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि निर्देशानालय, निकाय राख्नुपर्छ ।

श्रम कार्यालयमा चारवटा मन्त्रालय एउटा भवनमा राखिएको छ । यातायात व्यवस्था कार्यालय भीडभाड हुने कार्यालयमा मन्त्रालय राखका छौं । एउटा बस टर्मिनल भवनमा राखेका छौं ।एक प्रकारले मुख्यमन्त्री कार्यालयको कमी हुने छ ।



मुख्यमन्त्री शंकर पोखरेल

यो व्यावहारिक हुने छैन ।'

उनले मन्त्रिपरिषद् बढाउने बिषयमा सेवा दिनका लागि संरचनाको अभाव भएको बताउँदै सेबा बिस्तारका लागी पनि समस्या रहेको बताए ।

कानुन निर्माण गर्नको लागी ठुलो मन्त्रीपरिषद हुनु नपर्ने बताउँदै कानुन निर्माण प्रक्रिया छिट्टै पुरा हुने बताए । उनले निकट भविष्यमा नै मन्त्रिपरिषद् विस्तार हुने बताउँदै उनले मन्त्रालयहरूका लागि भवनको कमि भएको बताए । उनले मन्त्रालयहरू राख्नका लागि अझै भवनहरू आवश्यक रहेको बताउँदै उनले ५ वटा मन्त्रालयहरू राख्नका लागिी भवन आवश्यक रहेको बताए ।

अस्थायी संरचनाका लागि पनि बुटवलमा नै अन्य भवनहरू खोजीरहेको मुख्यमन्त्री पोखरेलले बताएका छन् । तिलोत्तमा नगरपालिकाले विभिन्न स्थानमा जग्गा नि:शुल्क उपलब्ध गराउने भनेपनि आफूहरू बुटवलमा नै स्थान खोजिरहेको बताए । उनले बुटवलमा उपयुक्त स्थान नभेटिएमा केही मन्त्रालय राख्नको लागी मणिग्राममा रहेको कलेजसँग भवन माग्ने तयारीमा रहेको बताए । विभागहरू निर्देशानलय, डिभिजनका लागि कार्यालय आवश्यक पर्छ, १५ दिनभित्र ती कामहरू सम्पन्न हुन्छन् - उनले भने ।

हाल रहेका ६ वटा मन्त्रायको ढाँचा वैज्ञानिक नभएको उनको भनाई छ । उनले भने -आन्तरिक मामिला र कानुन मन्त्रालय जोडिएको छ । शान्ति सुरक्षा र कानुन मन्त्रालय राख्दा कठिन हुन्छ । यसलाई परिवर्तन गर्नुपर्नेछ ।

मुख्यमन्त्री पोखरेलको तीनवटा महानगर बनाएर महानगरकेन्द्रित विकास गर्ने योजना अनुरूप कार्य गर्दा पनि सहरी विकास मन्त्रालयको आवश्यक पर्ने बताउँदै उनले कृषि क्षेत्रलाई छाड्न नुहने बताउँदछन् । यस प्रदेशमा पर्यटन बाट राम्रो संभावना रहेको बताउँदै उनले यस प्रदेशमा पर्यटनको अवस्था उत्कृष्ठ बनाउने रणनति तयार पार्ने स्पस्ट पारे । अन्य प्रदेशको नामाकरण भईसकेको पत्रकारको जिज्ञासामा नामको सन्दर्भमा केही समस्या नरहेको बताए । उनले प्रस्ताव गरेमा सिधै पारित हुने बताए ।

## प्रदेश प्रमुखले दोहोरो सुविधा नलिने



उमाकान्त झा

रूपन्देही । प्रदेश नं. ५ का प्रदेश प्रमुख उमकान्त झाले पदमा रहुन्जेल दोहोरो सुबिधा नलिने बताएका छन् । नेपालको संविधानको धारा १,६२ को उपधारा २ बमोजिम झा प्रदेश नं. ५ को प्रदेश प्रमुखमा नियुक्त भएका थिए । उनी नेपाल सरकारको सचिवबाट सेवानिवृत भएको र निवितृभरण नलिने बताएका छन् । उनले लिँदै आएको भत्तालाई नलिनका लागि निवितृभरण ब्यबस्थापन कार्यालय टेकु काठमाडौंलाई जानकारी गराएको बताएका छन् । प्रमुख झाले सोमबार एक विज्ञप्ति जारी गरि उक्त कुरा जानकारी गराएका हुन् । उनले उक्त जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत दिएको जानकारी गराएका छन् ।

# विकासमा सघाउन विश्व बैंकले प्रदेश सरकारसँग गऱ्यो छलफल

बुटवल । विश्व बैंकले प्रदेश नम्बर ५ को विकासमा सघाउन प्रदेश सरकार र सरोकारवालासँग छलफल गरेको छ । शुक्रबार प्रदेश ५ सरकार र प्रदेशसांसद तथा निजि क्षेत्रका सरोकारवालाहरूसँग छुटाछुट्टै रूपमा सम्भावित लगानीका क्षेत्र र साझेदारीका बिषयमा छलफल गरेको हो । सरकारले सन् २०३० सम्म नेपाललाई तिव्र आर्थिक बृद्धि हासिल गरि मभ्यम आयको मूलूकमा पुऱ्याउने लक्ष्य राखेकाले त्यसलाई सघाउने र संघिय संरचनामा समुदायतहसम्म सञ्चालन हुने कार्यक्रमको बारेमा सुझाव लिने हिसाबले वर्ल्ड बैंकको टोलीले छलफल थालेको जनाएको छ ।

विश्व बैंकले सन् २०१९ देखि २०२२ सम्मका लागि नेपालमा एक खर्ब ४० अर्ब लगानी गर्दैछ । यो वजेट सफ्ट लोनमा केन्द्रीय सरकारसँग सम्झौता गरेर उपलब्ध गराउने छ । आगामी चार वर्षका लागि कुनकुन क्षेत्रमा लगानी गर्ने भन्ने सुझाव संकलनका लागि विश्व बैंकको टोली बुटवल आएको हो ।

छलफलमा प्रदेश ५ का मुख्यमन्त्री पोखरेलले कानून निर्माणसँगै पर्यटन, पूर्वाधार विकास, जलस्रोतको प्रयोग, कृषिको व्यवसायिकरणमा पनि लगानी गर्न सकिने बताए ।

छलफलमा सभामुख पूर्णबहादुर घर्ती, आन्तरिक मामिला तथा कानुन मन्त्री कुलप्रसाद केसीले जनताले थाहा पाउने गरि लगानी हुन नसकेको भन्दै अब सामान्य र बिशिष्टिकृत गरि दुई तहबाट लगानी गर्न सुझाव दिए ।

प्रदेश पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरीले पर्यटन र उद्योगको सम्भावना उच्च रहेकाले यसमा लगानी गर्दा सबैलाई फाईदा हुने बताए । मुलुक संघयि संरचनामा गएकाले प्रदेश र स्थानीय तहसँग सहकार्य गर्न छलफल थालेको वर्ल्ड बैंकका सरोज दाहालले जानकारी दिए ।

छलफलमा सभामुख पूर्णबहादुर घर्ती, सांसदहरू दधिराम न्यौपाने, तुलाराम घर्ती, विजय यादव, रमा अर्याल लगायतले दातृ निकायले गर्ने लगानीको प्रतिफल तल्लो तहका नागरिकले थाहा पाउने गरि गर्न आग्रह गरेका थिए ।

विश्व बैंकको टोलीले शुक्रबार बुटवलका विभिन्न निजि क्षेत्रका उद्योगी व्यवसायी, सामाजिक संघसंस्था र नागरिक अगुवाहरूसँग पनि आगामि रणनितिका बारेमा छलफल गरेको थियो । प्रधानमन्त्री सहित सातवटै प्रदेशका मुख्यमन्त्रीसँग संयुक्त छलफल गर्न चाहेको छ । विगत ५० बर्षदेखि नेपालमा वर्ल्ड बैंकले काम गर्दै आएको छ ।

## संक्षिप्त समाचार

### प्रदेश ७ को प्रदेशसभा नियमावली पारित

कैलाली । प्रदेश नं ७ को प्रदेशसभाको बैठकले प्रदेशसभा नियमावली, २०७४ पारित गरेको छ । बैठकमा सभामुख अर्जुनबहादुर थापाको अनुमतिमा प्रदेशसभा नियमावली मस्यौदा समितिका अध्यक्ष एवं नेकपा (एमाले) का प्रदेशसभा सदस्य लीलाधर भट्टले 'प्रदेशसभा नियमावली, २०७४ लाई पारित गरियोस्' भनी प्रस्ताव गरेका थिए । प्रस्तुत प्रस्तावमाथि नेकपा (माओवादी केन्द्र)का महेशदत्त जोशी र नेपाली काँग्रेसका टेकबहादुर रैका आउजीले समर्थन गरेका थिए । प्रस्तावमाथि भएको दफावार छलफमा भाग लिएका काँग्रेसका भरतबहादुर खड्काले प्रस्तुत नियमावलीका तीनवटा बुँदाको विषयमा आफ्नो सुझाव पेश गरेका थिए ।

### मुस्लिम संघ कपिलवस्तुमा कमाल

कपिलवस्तु । नेपाली कांग्रेसको भातृ संस्था मुस्लिम संघ नेपाल कपिलवस्तुको दोस्रो अधिवेशनले असअद कमालको अध्यक्षतामा जिल्ला कार्य समिति चयन गरेको छ । जसको उपाध्यक्षयमा मनौहर हुसेन, सचिवमा सैराज अहमद खां, सहसचिवमा मोहम्मद सरिफ मुसलमान, कोषध्यक्षयमा नजरून निसा, सहकोषाध्यक्षमा अतिकुर रहमान निर्वाचित भएका छन् । त्यस्तै जिल्ला कार्य समिति सदस्य मोहम्मद सरफराज, कलिमुन निसा, शौकत अलि, मोहम्मद युनुस, वाजिवुल लैन शाह, शाहबुद्धिन कुज, औवैदुर रहमान, अफाक अहमद, महवुद अहमद निर्वाचित भएका छन् । त्यस्तै महाधिवेशन प्रतिनिधिमा मोहम्मद जमसेद खाँ, मोहम्मद वजिह अरसद, मोहम्मद मुस्तफा, अफताब आलम र अकेल मिया निर्वाचित भएका छन् ।

### ग्रामीण पत्रकारिता तथा उद्घोषण तालिम

बाँके । ग्रामीण क्षेत्रका मुद्दालाई स्थानीय बासिन्दाकै कलमबाट सञ्चार माध्यममा समेट्ने उद्देश्यले बाँकेको डुडुवा गाउँपालिकामा तीनदिने ग्रामीण पत्रकारिता तथा उद्घोषण तालिम शनिबार सकिएको छ । डुडुवा गाउँपालिका कार्यालयको आयोजनामा लक्ष्मीनारायण क्रियसन प्रा.लि. काठमाडौं तथा अवधि पत्रकार संघ, नेपालगन्जद्वारा तीनदिने तालिम सम्पन्न भएको हो । तालिममा गाउँपालिकाका सबै वडाका गरी ४५ जनाको सहभागिता रहेको थियो ।

### धनुषामा दुई कार ठोक्किँदा आठ घाइते

धनुषा । मिथिला नगरपालिका-३ स्थित पूर्व-पश्चिम राजमार्गमा दुई वटा कार एकआपसमा ठोक्किँदा आठ जना घाइते भएका छन् । स.१ च १२१७ नम्बरको बिवाहको कार र डब्ल्यूबी ७४ यु १९६६ नम्बरको कार सोमबार एकआपसमा ठोकिएको थियो । दुर्घटनामा कार चालक सिरहा लहान नगरपालिका-१९ बस्ने ३० वर्षीय बिजयकुमार मण्डल लगायत ८ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि विराटनगरतर्फ लगिएको छ । दुबै सवारी साधन प्रहरीको नियन्त्रणमा छन् ।

### काठ चिरान मिलमा आगलागी

रौतहट । बृन्दावन नगरपालिका-९ झाजपुल बस्ने मनोजकुमार सिंहको काठ चिरान मिलमा सोमबार बिजुलीको तार सर्ट भई आगलागी भएको छ । काठ चिरान मेसिन, काठ, अन्य काठका सरसामान गरी करीव १५ लाख रूपैयाँ बराबरको धनमाल जलेर क्षति भएको छ । स्थानियबासीको सहयोगमा आगो नियन्त्रणमा लिई घटनाका सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषध चरेशसहित एक जना पक्राउ

कैलाली । गोदावरी नगरपालिका-२ अत्तरिया बसपार्कबाट प्रहरीले एक जनालाई लागूऔषध चरेशसहित पक्राउ गरेको छ । शुक्रबार बझाङ जयपृथ्वी नगरपालिका-८ बलिन बस्ने ४७ बर्षीय पदम बहादुर बोहरालाई अवैध लागूऔषध चरेश ६ के.जी.६ सय ग्राम सहित पक्राउ गरेको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

सिरहा । लहान नगरपालिका-१ स्थित पूर्ब पश्चिम लोकमार्गमा मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । बिग्रेर साईड लगाई रोकी राखेको ना.३ ख ५१४५ नम्बरको ट्रकमा स.३प ४८५० नम्बरको मोटरसाइकल शनिबार ठोकिएर दुर्घटना भएको थियो । सोही नगरपालिका-१७ गोबिन्दपुर बस्ने ३६ बर्षीय मो.सादिर गम्भीर घाइते भएकोले राउ स्मारक अस्पताल लहान लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### कपास उद्योगमा आगलागी

रौतहट । जिल्लाको चन्द्रपुर नगरपालिकामा एक कपास उद्योगमा आगलागी हुँदा १० लाखको क्षति भएको छ । चन्द्रपुर नगरपालिका-४ स्थित भरतमणी अधिकारीको घरमा गुजरा नगरपालिका-४ बस्ने सुभान अलिले सञ्चालन गरेको चाँदतारा कपास उद्योगमा शुक्रबार करेन्ट सर्ट भई आगलागी भएको थियो । कपास पेल्ने मेसिन सहित करीव १० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ ।

### जन्ती बोकेको ट्याक्टर दुर्घटना

मोरङ । जहदा गाउँपालिका-४ रामचौकस्थित रंगेली-विराटनगर सडकखण्डमा जन्ती बोकेको ट्र्याक्टर दुर्घटनामा परेको छ । आइतबार बिहान भएको दुर्घटनामा २५ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ भने अन्य २३ जनाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको को२त २०३७ नंको ट्र्याक्टर बिहान २:३० बजे सडकदेखि चार फिट तल खसेर दुर्घटना भएको थियो ।

### ट्रिपरको ठक्करले एकको मृत्यु

**राम नारायण पंडित,** सिरहा । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिरहाको चोहर्वामा ट्रिपरको ठक्करले मोटरसाइकलमा सबार एक जनाको मृत्यु भएको छ भने एक जना गम्भिर घाइते भएको छ । बिहीबार बिहान पूर्वबाट पश्चिमतिर जाँदै गरेको स १ क १७१ नम्बरको ट्रिपरले विपरीत दिशाबाट आउँदै गरेको स ३ प १४५६ नम्बरको मोटरसाइललाई ठक्कर दिँदा गम्भिर घाइते भएका मिर्चैया नगरपालिका ७ फूलबरिया बस्ने अन्दाजी २४ वर्षीय रामप्रताप यादवको उपचारको कममा मंगलम हेल्थकेयरमा मृत्यु भएको ईलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरिक्षक (डिएसपी) गजुसिद्धि बज्राचार्यले जनाएको छ ।

### ठककरबाट मोटरसाइकल चालकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-३ स्थित भे.४प ७५० नम्बरको मोटरसाइकललाई बुधबार राति ना.५ख ४२६९ नम्बरको ट्रकले ठक्कर दिदाँ मोटरसाइकल चालक बर्दिया बाँसगढी नगरपालिका-५ बस्ने २३ बर्षीय जोगेन्द्र थारू र २८ बर्षीय पूर्ण प्रसाद जैशी गम्भीर घाइते भएकोले उपचारको लागि मेडिकल कलेज कोहलपुर पठाइएकोमा पूर्ण प्रसाद जैशीको उपचारको क्रममा मृत्यु भएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्याक्टरको ठक्करबाट एकको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-१ स्थित राजमार्गमा से.१त ३१४२ नम्बरको ट्याक्टरले आइतबार साइकललाई ठक्कर दिदाँ एकको मृत्यु भएको छ । साइकल चालक सोही नगरपालिका-४ बस्ने २२ वर्षीय सुसिल ओझाको मृत्यु भएको हो । ट्याक्टर अनियन्त्रित भई पल्टेर दुर्घटना हुदाँ अन्य ३ जना समेत घाइते भएकोले उपचारको लागि सेती अंचल अस्पताल धनगढी पठाइएकोमा उपचारको क्रममा सुशिल ओझाको मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### दुर्घटनामा महिलाको मृत्यु

धनुषा । लक्ष्मिनिया गाउँपालिका-३ गजरिया स्थित भित्री सडक खण्डमा ज.२त ७७ नम्बरको ट्याक्टर आइतबार अनियन्त्रित भई दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ३५ वर्षीया पुनम देवी यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । फरार ट्याक्टर चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व समुदाय...

# कुनै अस्तित्व नभएको इमरान खान



पाकिस्तानका मध्यम वर्गीयहरूले रूचाएको वर तेस्रो पटक बिहे गर्ने कसैले नरूचाएको इमरान खानले पाकिस्तानमा केहि महीना भित्र हुने आम निर्वाचनमा जीत्ने शपथ लिएको छ। उसको पार्टी पाकिस्तान तहरीक-ए इन्साफ (पी.टी.आई.) का नेताहरू लगायत फोटोग्राफरहरूले त्यस विशेष बिहेको प्रचारबाजी गरेकोले त्यसमा कुनै भ्रम र अस्पष्टता रहेको भए पनि उसको दोस्रो बिहे १० महीना पूर्व नै टुटेकोले इम्रान खानलाई ती नेताहरूले बहिष्कार नगर्ने अपेक्षा गरिए पनि बुशरा मानेकासँग केही महीना पूर्वको अर्को बिहेले गर्दा उसलाई नरूचाउनेहरूले उस विरूद्ध षड्यन्त्रमा लागेका छन्। वास्तवमा भन्ने हो भने केही साता पूर्व उसले गरेको बिहेलाई अस्वीकार गरे पनि उसले कुनै बैंक लुटेको वा कुनै अपराध नगरेको भए पनि बिहे गरेको अपराधले सबैलाई चकित तुल्याई दिएको छ। किनकि त्यस बिहेमा कानी र उसका निकटतम् पारिवारिक सदस्यहरूको उपस्थितिले त्यसलाई पुष्टि गरेको छ। तर उसको बहिनीहरूले टेलिभिजनमा कार्यरत रहेकी रेशम खानसँग एक्कासी तलाक लिई दोस्रो बिहेलाई समाप्त पारेको कारण उसबाट अलगिगन पुगेकी छिन्।

देशमा रहेको अस्थायी सरकारले गर्दा तनाबपूर्ण स्थिति रहेको बखत पनि इम्रान खान जसरी भएपनि आर्थिक बन्दोवस्त मिलाई निर्वाचन जीत्ने प्रयासमा लागेको छ। उसले ४० वर्षीया विवाहिता र तलाकसुदासँग बिहे गरेकी महिला केहि समयसम्म अन्तरंग मित्र तथा पीर एवं भरपर्दो रहेकीले उसैको भरमा कमजोर प्रत्याशी भए पनि निर्वाचन जीत्ने अपेक्षा गरेको छ। ब्रिटिश नायिका जेमीमासँग इंगल्याण्डमा क्रिकेटका दौरान बस्दा उसले बिहे गरे जस्तै बसेर एक बच्चा समेत जन्माए पनि तिनीहरूलाई परित्याग गरेर आधिकारीक रूपमा तेस्रो बिहे गर्नुको कारण उनी १९९६ देखि नै उसको पार्टीबाट धेरै वर्षसम्म एकमात्र विधायिका रहेकी थिईन् र त्यसैका बलले क्रिकेटर भए पनि राजनीतिक समर्थन पाई उसले देशको दोस्रो ठूलो पार्टीको नेतृत्व गर्दै आएको छ। सन् २०१३ को निर्वाचनमा नवाज शरीफको विजयले गर्दा उसको पार्टी पराजित भएको कारण त्यसै बेला देखि इम्रान खान रिसाएको छ। उसले निर्वाचन आयोगलाई चुनौती दिँदै न्यायपालिकामा निर्वाचन आयोग विरूद्ध समेत उजूरी हालेको थियो तर सफल हुन सकेन।

इम्रान खानल नवाज शरीफ पछि सेनाहरू रहेको व्यापक प्रचारबाजी गरे पनि सेनाले उसको गैरजिम्मेदार र अप्रभावकारी क्रियाकलापका कारण उसलाई रूचाएको छैन किनकि उसले देशको पूरै प्रणालीलाई जोखिमपूर्ण बनाएर देशलाई समेत हास्यास्पद बनाई दिएको छ। पाकिस्तानका प्रख्यात राजनीतिक विश्लेषक साईरिल अलमेदीयाले 'डाँन' पत्रिकाको फरबरी, १८ को अंकमा उसलाई 'शून्य व्यक्ति' ('द जीरो मैन') को संज्ञा दिनु भएको छ भने इम्रान खानले राजनीतिमा कुनै नौलो, महत्वपूर्ण र सार्थक भूमिका सही अर्थमा निर्वाह गरेको छैन। उसको पार्टी पी.टी.आई. देशको दोस्रो ठूलो पार्टी भए पनि अहिलेसम्म वास्तविक शक्ति प्राप्त गर्न सकेको छैन। पि.टी.आई. ले राष्ट्रिय राजनीतिमा कुनै त्यस्तो योगदान दिन सकेको छैन। इम्रान खानको भ्रष्टाचार विरूद्धको राजनीतिक अभियानल निश्चित रूपमा सन्देश प्रवाहित गरे पनि त्यो नवाफ शरीफमाथि मात्र संकीर्णरूपले बराबर केन्द्रित र बेला-बखतमा जर्दारीमाथि केन्द्रित रहेको छ। उसले नियमित रूपमा भ्रष्टाचार विरूद्ध प्रयास गरेको छैन। मेरो प्रतिपक्षी भ्रष्ट रहेको आरोप वास्तवमा आदर्श राजनीतिक सन्देश होइन। इम्रानले जति हल्ला मचाए पनि त्यो मत प्राप्त गर्न र अवरोध पैदा गर्ने उद्देश्यले गरेको मात्र हो गुणवत्ताको दृष्टिले उसले केही प्राप्त गर्न सकेको छैन ? प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वेच्छाले कसैमा वा प्रणालीमा परिवर्तन ल्याउने उद्देश्यले उसले जीत्ने प्रकारको कुनै तरीका अपनाएको देखिएको छैन ?

इम्रान खानले खिबर पख्तुनखावा प्रान्तमा मात्र शासन जमाएको उल्लेख गर्न सकिन्छ तर उसले राष्ट्रिय स्तरमा शक्ति प्राप्त गर्न खोजेको छ।

*– एजेन्सी*

## पत्रपत्रिकाबाट...

# जलस्रोतमा चीनको भूमिकालाई लिएर चिन्ता

चीनले सुदूरपश्चिमको सात सय मेघावाट विद्युत् उत्पादन हुने सेती जलविद्युत आयोजनामा लगानी गर्ने भन्दै गरेको सहमति कार्यान्वायन हुन सकेको छैन। यसबाट सुदूरपश्चिमको विकास पूर्वाधारमा समेत असर परेको छ। यो आयोजना निर्माणसँग सुदूरपश्चिमका जनताको सामाजिक, आर्थिक सम्बन्ध गाँसिएसको छ। यो आयोजना सम्पन्न हुन सके सुदूरपश्चिमको मात्र आर्थिक विकासमा सहयोग पुग्ने छैन, समृद्ध नेपालको ढोका खुल्न सक्ने छ तर चीनले लगानी गर्ने बनाउने भनेको यो आयोजनाको भविष्य अनिश्चित भएको छ। उसले नेपालसँग विद्युत खरिदका निम्ति राखेको प्रस्ताव यति महंगो छ कि त्यसलाई नेपाली जनताले धान्न सक्ने अवस्था छैन। अर्थात चीनले यो आयोजनामा यस्तो प्रस्ताव राखेको छ। के बुझ्न सकिन्छ भने उसले यो आयोजना नबनाउने तर आफ्नो नियन्त्रणबाट पनि नछाड्ने रहेको छ। सुदूरपश्चिमकै ३० मेघावाट विद्युत उत्पादन हुन थालेको चमेलिया आयोजनाको निर्माण कार्य निश्चित अवधिमा हुन नसक्दा यसको लागत तीन दोब्बर बढ्न पुग्यो। पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य साथ सुरू गरेको आयोजनाको निर्माण कार्यमा पन्ध्र अरब भन्दा बढी खर्च भयो। पाँच वर्षमा बनाउने आयोजनामा कार्यरत कयौं चिनियाँ प्राविधिक र कर्मचारीले चमेलिया क्षेत्रका ग्रामीण बस्तीमा आफ्नो ससुराली बनाए।



चमेलियाकै बाटोमा अहिले कुलेखानी तीन लागेको छ। निर्माण सुरू भएको यो आयोजना म्याद कति पटक थपियो र अब कति पटक थप्नु पर्ने हो ठेगान छैन। चिनियाँ ठेकेदार कम्पनीले अनेक प्राविधिक समस्या देखाएर पन्ध्र मेघावाठ विद्युत् उत्पादन हुने कुलेखानी तेस्रो आयोजनाको निर्माण कार्य समयमै सम्पन्न नगर्दा यसको लागत पनि झण्डै तीन दोब्बर पुगन थालेको छ। लागत र समय बढ्दै गए पनि यो आयोजना कहिले सम्पन्न भएर विद्युत उत्पादन हुने हो निश्चित छैन। आयोजनामा संलग्न नेपाली पक्षका प्राविधिक र प्रशासनका कर्मचारीहरू भने आयोजनको निर्माण समय लम्बिँदा र खर्च बढ्दै जाँदा प्रशस्त कमाउने मौका पाई सकेका छन्। चमेलिया पछि कुलेखानी आयोजना नेपालका निम्ति सेतो हात्ती बन्दै गरेको छ। विद्युत प्राधिकरणकै लागि लागतको हिसाबले यो आयोजनाबाट उत्पादित बिजुलीका कारण निरन्तर घाटाको व्यापार हुँदै गरेको छ। नेपालका जलविद्युत क्षेत्रमा चीन सरकार अन्तर्गतका निर्माण कम्पनीहरू संलग्न रहेका छन्। त्रिशुली ए- २ र ३ मा पनि चिनियाँ ठेकेदार कम्पनी नै संलग्न रहेका छन्। यी आयोजना पनि समयमा सम्पन्न हुन नसक्दा निर्माण लागत निरन्तर बढ्दै गएको छ।

चिनियाँ ठेकेदार संलग्न जलविद्युत आयोजनाको निर्माण कार्य यसरी समयमा नसकिने र लागत बढ्दा त्यसबाट नेपालको विद्युत उत्पादन महंगो पर्न गएको छ। समयमै काम नसक्ने लागत बढाउने चिनियाँ ठेकेदार कम्पनीको नियोजित चाल रहेको मान्न सकिन्छ।

अहिले जलाशय युक्त बाह्र सय मेघावाट विद्युत उत्पादन हुने बुढीगण्डकी आयोजनालाई लिएर वर्तमान ओली सरकार फेरी पुरानो सरकारको निर्णय उल्ट्याएर चीनलाई नै सुम्पने तयारीमा लागेको छ। नेपालको जलस्रोत क्षेत्रमा चीनको बढ्दो चासोलाई लिएर यस क्षेत्रका विज्ञहरू चिन्तित देखिएका छन्। चीनले नेपालको जलस्रोतमा लगानी भन्दा नियन्त्रण गर्ने मनसुवा राखेको उनीहरूको बुझाई छ। यसबाट नेपालको जलस्रोत क्षेत्रको विकासको सम्भावना अत्यन्त जोखिम बन्न सक्ने देखिन्छ। नेपालले यस्ता विषयमा चनाखो नभए देशको जलस्रोतमा चिनियाँ लगानी होइन, यसको पछाडी कतै बर्बादी हुने हो कि भन्ने अवस्थाप्रति गम्भिर हुनु पर्ने देखिन्छ। *–चर्चा साप्ताहिकबाट*


# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**


# विद्यालय भवनको शिलान्यास

**राकेश यादव,** रौतहट। रौतहट जिल्लाको गरूडा नगरपालिका वार्ड नम्बर ९ नयाँ गम्हरिया श्रीपुरमा रहेको श्री माध्यमिक विद्यालयमा निर्माण हुने ३६ लाखको ४ कोठे २ तले भवनको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार दासले एक कार्यक्रमबीच शिलान्यास गरेका छन्। जिल्ला शिक्षा कार्यालय रौतहटले उपलब्ध गराएको रकमबाट निर्माण हुन लागेको भवन शिलान्यास कार्यक्रम सम्पन्न भएको हो। पहिलो पटक गत वर्ष कार्यालयले दिएको २४ लाखको ४ कोठे भवनको निर्माण कार्य सम्पन्न भई उद्घाटन समेत भएपछि दोस्रो पटक यो रकम सहयोग गरिएको हो। शिलान्यास कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष दासले विद्यालयको विकास र शिक्षाको विकास मा जिल्ला शिक्षा अधिकारी रामविनय कुमार सिंहले महत्त्व भूमिका निर्वाह गरेको बताएका छन्। पहिलो पटक निर्माण भएको भवनको उदघाटन गर्दै जिशिअ सिंहले विद्यालयलाई पुनः भौतिक पूर्वाधारका लागि सहयोग गरेको प्रतिवद्धता पूरा भएको उल्लेख गर्दै दासले धन्यवाद ज्ञापन गरेका हुन्।

ग्रामीण क्षेत्रमा रहेका विद्यालयका पूर्वाधारको व्यवस्था हुनु शिक्षामा वृद्धिको आधार भएको टिप्पणी गर्दै दासले गुणस्तरीय शिक्षाको लागि आफु प्रतिवद्ध रहेको बताए।

राजनितिक क्षेत्रमा सक्रीय समेत रहेका दासले शिक्षाको विकासमा पनि सक्रीय भूमिका निर्वाह गरेको छ। युवा अवस्थामा जनतामुखी भएको दासले विद्यालय व्यवस्थापनको जिम्मेवारी सम्हाले पछि विद्यालयका अवस्थामा सुधार भएको स्थानीय समाजसेवी कौशर खान मिथिलाले बताएका छन्।

विद्यालयमा दक्ष शिक्षक शिक्षिकाको साथै विद्यार्थीहरूको अध्ययनका लागि कम्प्यूटर लैवको व्यवस्थापन गरिएको छ।

कार्यक्रममा वडा अध्यक्ष राजेश कुमार सहनी, स्रोत व्यक्ति नागेन्द्र प्रसाद साह, नगरपालिका शिक्षक प्रतिनिधि मौजेलाल यादव, संजीव कुमार कलवार लगायत स्थानीय अभिभावकहरूको सहभागिता रहेको थियो। शिलान्यास कार्यक्रम प्राध्यानध्यापक रामअधार पासवानको अध्यक्षतामा सम्पन्न भएको थियो।

## जिल्ला समाचार

### मुख्यमन्त्रीलाई महिला सञ्जालद्वारा ज्ञापन

जनकपुरधाम। अन्तर पार्टी महिला सञ्जाल धनुषाले प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीलाई ज्ञापनपत्र दिएको छ। मन्त्रिमण्डलमा एकजना मात्र महिला सहभागिता गराउनु महिलामाथि उपहास भएको भन्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ। सञ्जालकी अध्यक्ष मञ्जुकुमारी यादवले संविधानको धारा ३८ को उपधारा ४ अनुसार राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने प्रावधान रहेको मुख्यमन्त्रीलाई स्मरण गराइन्। प्रदेश नं २ मा एकजना पनि महिलालाई मन्त्री नबनाउनु र राज्यमन्त्रीमा एक महिलालाई मात्र सहभागी गराएकोमा ज्ञापनपत्रमार्फत आपत्ति समेत जनाइएको छ। साथै यसलाई अविलम्ब सच्याउन माग समेत गरिएको छ।

### ठोरी विवाद समाधानका लागि कार्यदल

वीरगञ्ज। पर्साको ठोरी गाउँपलिकामा गाउँसभाको माघ १५ को निर्णय खारेजीको माग गर्दै उत्पन्न भएको विवाद समाधानका लागि अधिकार सम्पन्न उच्चस्तरीय १३ सदस्यीय कार्यदल गठन भएको छ। इलाका प्रहरी कार्यालय, ठोरीमा बिहिबार भएको बैठकले अधिकार सम्पन्न उच्चस्तरीय १३ सदस्यीय कार्यदल गठन गरेको छ। कार्यदलले आन्दोलनरत पक्षका मागहरूलाई प्याकेजमा समाधान गर्नेसहमति भएको छ। मध्य भागमा सेवा केन्द्र हुनुपर्ने माग राखेर आन्दोलनरत ३ न वडाका आन्दोलनकारी र स्थानीय सरकारबीचको वार्तामा कार्यदल बनाउने सहमति भएको छ। सहमति भएसंगै आन्दोलनरत पक्षले एक हप्ताको लागि बन्द फिर्ता लिएका छन्। गत माघ १५ गतेको प्रथम गाउँ सभाले ठोरी-४, सुवर्णपुरमा रहेको सेवा केन्द्र वडा नं ४ घ्याङ डाँडामा सार्ने निर्णय गरेपछि ठोरीमा तनाव बढेको थियो।

### मेयर कप खेलकुद प्रतियोगिता सम्पन्न

कपिलवस्तु। बुद्धभूमि नगरपालिकाले नगरस्तरीय प्रथम मेयर कप प्रतियोगिता विभिन्न खेलका साथ सम्पन्न गरेको छ। उक्त प्रतियोगितात्मक कार्यक्रममा नगर स्तरका सामुदायिक तथा संस्थागत विद्यालयबाट आधारभूत तह ६-८ १ सय २ सय र ४ सय मिटर छात्रा/छात्रको दौड प्रतियोगिता, मा.वि. तहबाट ज्याभलिग थ्रो र भलिबल एवं नगर स्तरका क्लबहरूको सहभागितामा क्रिकेट प्रतियोगिता सम्पन्न गरी खेलगत रूपमा कप, मेडल, प्रमाण पत्र, नगद पुरस्कारका सहित खेलका विजेतालाई १०८ औं नारी दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमको समारोह बीच वितरण गरेको छ। भलिबल तथा ज्याभलिग थ्रो मा १२ विद्यालय, दौडलमा २५ विद्यालय, क्रिकेटमा १५ वटा युवा क्लबहरूको सहभागिता रहेको थियो। ११ जना खेल प्रशिक्षक लाई प्रंशसा पत्र द्वारा सम्मान गरिएको यस कार्यक्रमले बुद्धभूमी नगरपालिकाको अगामी दिनमा खेल खेलाडी र सद्भावलाई बढाउने विश्वास सहित नगर प्रमुख केशव कुमार श्रेष्ठले भनाइ राखेका थिए।

### कृषकस्तरीय तीनदिने तालिम सुरू

नेपालगन्ज। बाँकेको डुडुवा गाउँपालिका वडा नं. ६ हिरमिनियाँमा व्यावसायिक मकै खेति प्रविधि विषयक कृषकस्तरीय तीनदिने तालिम सोमबारदेखि सुरू भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई (मकै जोन) को आयोजनामा भएको तालिम उद्घाटन कार्यक्रममा सहभागीले मकै जोन कार्यक्रमले कृषकलाई फाइदा पुगेको बताए। सरस्वती मावि भंघोटनाको हलमा सुरू भएको तालिममा सहभागीहरूले परियोजनाले कृषकका लागि उल्लेख्य काम गरेको बताउँदै परियोजनाबाट कृषकले फाइदा लिनुपर्ने धारणा राखे। मकै जोन संचालक समितिका अध्यक्ष जयपाल मौर्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पत्रकार यदुराज मिश्रले कृषकका लागि सरकारले परियोजना संचालन गरेको बताउँदै परियोजनाबाट कृषकले फाइदा लिन सक्नु पर्ने बताए। २५ जना कृषकको सहभागिता रहेको तालिममा उनले मकै जोन कार्यक्रमले हिरमिनिया क्षेत्रका कृषकलाई उन्नत खेतितर्फ आकर्षित गरेको बताउँदै धेरैभन्दा धेरै फाइदा लिन कृषक चनाखो हुनुपर्ने धारणा राखे।

### खेलकुद सामग्री सहयोग

वीरगंज। सिर्जनशील युवाहरूको समूह संस्कृति र सहारा स्पोर्ट्स वीरगंजले संयुक्त रूपमा पर्सा जिल्लाका ७ वटा विद्यालयहरूलाई खेलकुद सामग्री वितरण गरेको छ। संस्कृतिको टिम लिडर शैली चौधरीको अध्यक्षता तथा सहारा स्पोर्ट्सका संचालक एवं समाजसेवी अशोक कुमार अग्रवालको विशेष उपस्थितिमा एक कार्यक्रम विच विश्रामपुर स्थित श्री गोल्डेन अंग्रेजी बोर्डिङ्ग विधालय, श्री लक्ष्मी शिक्षा मन्दिर, श्री बल निकेतन मोडेल अंग्रेजी बोर्डिङ्ग विधालय, महुवन स्थित श्री लक्ष्मी शिक्षा मन्दिर, वीरगंज महानगरपालिका स्थित श्री त्रिभुवन हनुमान माध्यमिक विधालय, श्री त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम उच्च माध्यमिक विधालय र श्री सुन्दर्मल रामकुमार कन्या उच्च माध्यमिक विधालयलाई खेलकुद सामग्री वितरण गरिएको हो। वीरगंजको आदर्शनगर स्थित सहारा स्पोर्ट्समा आयोजना भएको कायक्रममा ७ वटै विधालयका प्रधानाध्यापक तथा प्रतिनिधि हरूलाई फुटबल, क्रिकेट सामग्री सेट, लुडो सेट, टेबल टेनिस सेट र रिङलगायतका सामग्रीहरू वितरण गरिएको संस्कृतिका सह संस्थापक आशु सर्राफले जानकारी दिए।

### क्याम्पस भवन निर्माण शुरू

बर्दिवास। महोत्तरी जिल्लाको बर्दिवास-१४ मा बर्दिवास जनता बहुमुखी क्याम्पस बर्दिवासको आठकोठे भवन निर्माण कार्य शुरू भएको छ। बर्दिवास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले अहिलेको क्याम्पस भवनकै माथिल्लो तलामा आठकोठे भवनको निर्माण कार्यको शुभारम्भ गरे। क्याम्पसको माथिल्लो तलामा आठकोठे दोस्रो तला निर्माणका लागि बर्दिवास नगरपालिकाले रू ४५ लाख उपलब्ध गराएको छ। त्यसैगरी विश्वविद्यालय अनुदान आयोगबाट रू १२ लाख उपलब्ध हुने प्रक्रिया अन्तिम चरणमा पुगेको क्याम्पस प्रमुख तोपबहादुर ठकुरीले जानकारी दिए। दोस्रो तला निर्माणमा रू ६९ लाख खर्च हुने प्राविधिक अनुमान रहेको छ। क्याम्पसले थप तेस्रो तल्लामा आठ कोठा निर्माणका लागि शिक्षाप्रेमी विभिन्न व्यक्तिलाई आह्वानसमेत गरेको छ।

### व्यक्तिगत घटना दर्ता अभियान

कपिलवस्तु। कपिलवस्तु नगरपालिका वडा नम्बर १२ सौरहालाई बाल विवाहमुक्त वडा घोषणा गर्ने अभियानलाई सफल बनाउन पाँचदिने व्यक्तिगत घटना दर्ता अभियान शुरू गरिएको छ। वडा कार्यालयको आयोजनामा यहि चैत्र ९ गते बालबिवाह मुक्त वडा घोषणा गर्न थालिएको नगरपालिकाको सो वडामा अभियान चलाईएको हो। अभियानको पहिलो दिन सौरहामा सम्पन्न दर्ता अभियानमा ३८ जनाले जन्मदर्ता, ७ जनाले बिवाह दर्ता र २ जनाले मृत्यु दर्ताको प्रमाणपत्र लिएको वडा सचिव मदन प्रदान घिमिरेले जानकारी दिए। अभियान अर्न्तगत सौरहा, बिढुवा, पिपरहवा, बेलभरिया र अकबरपुरमा नागरिकको घरघरमै पुगेर सो सेवा दिने योजना रहेको सचिव घिमिरेले बताए। वडालाई बालबिवाह मुक्त घोषणा गर्ने अभियान अन्तिम चरणमा पुगेको जानकारी दिदै मुक्त अभियानको सुचकहरूलाई पुरा गर्ने उद्धेश्यका साथ व्यक्तिगत घटना दर्ताको अभियान अघि बढेको वडा अध्यक्ष ओमप्रकाश पाण्डेयले बताए।

### मेयर सरवागीको कडा निर्देशन

वीरगंज। वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले इमान्दारिताका साथ् सेवाग्राहीको काम गर्न महानगरका सम्पूर्ण वडा सचिवहरूलाई निर्देशन दिएका छन्। वीरगंज महानगरपालिकामा ३२ वटै वडाका वडा सचिवहरू संग भएको छलफल कार्यक्रममा मेयर सरावगीले अधिकांस वडाहरूबाट व्यापक रूपमा गुनासोहरू आइरहेको प्रति ध्यानाकर्षण गराउदै जनताको काम इमान्दारीका साथ गर्न निर्देशन दिएका हुन्। महानगरको सभा हालमा आइतवार दिउँसो भएको छलफल कर्यक्रममा वडा सचिवहरूलाई महानगरपालिकाको नगर परिषद निर्दिष्ट गरेको विषयहरूको बारेमा जानकारी गराउँदै सेवाग्राहीहरूको काम छिटो छरितो ढंगले गर्न वडा सचिवहरूलाई मेयर सरावगीले बताए।

### मेयरमाथि आक्रमण गर्ने तीन पक्राउ

कैलाली। कैलालीको मध्यक्षेत्रमा रहेको घोडाघोडी नगरपालिकाका प्रमुख ममताप्रसाद चौधरीमाथि गोली र खुकुरी प्रहार भएको घटनामा संलग्न रहेको आशंकामा तीन जना पक्राउ परेका छन्। घटनास्थलबाट प्रहरीले से २ प ३६७१ नं को मोटरसाइकल बरामद गरेको छ। घोडाघोडी नगरपालिकाको सुखड बजारको आफ्नै घरमा रहेका प्रमुख चौधरीलाई मोटरसाइकलमा आएका अज्ञात तीन व्यक्तिले सोमबार राति टाउकोमा खुकुरी र पेट र खुट्टामा गोली प्रहार गरी फरार भएका थिए।


जन आन्दोलन: २०४६ को सन्स्मरण : २०४६ फाल्गुन ७ गत्तेबाट सुरू भएको पञ्चायती ब्यबस्थष्को अन्त गरी प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनको क्रममा भारत, बिहारको सितामढीबाट आन्दोलन पक्षिय पर्चाहरू छपाएर नेपाल फर्किरहेको मौका छोपी सर्लाही जिल्लाको मधुबनी बोर्डरमा नेपाल प्रहरीले आजैको दिन अर्थत २०४६ चैत्र १ गत्ते मलाई गिरफ्तार गरेको थियो र २०४६ चैत्र २६ गत्ते आन्दोलन सफल भए पछी रिहा गरेको थियो । – **अनिल झा**


बिगत एक बर्षलाई मात्र संझौ( पुलिसमा आइजिपी प्रकरण, अख्तियारमा लोकमान प्रकरण, अदालतमा पराजुली प्रकरण( यस्तो मेकानिज्म बोकेर देश किन बनेन भन्ने बहस गर्ने कठै हामी नेपाली ! – **डम्बर खतिवडा**


स्वर्ग र नर्क भनेको सत्ताको चास्नीमा हाम्फाल्न मरिमेट्नेहरूले रचना गरेका कूतर्क हुन् । आत्मालाई शान्ति चाहिन्छ भने चाहिँ पार्टी फेर्ने होइन, त्यत्रा हत्या हिंसाको जवाफ दिनेतर्फ लाग्नुपर्छ । – **गिरिश गिरी**


संघीयता मधेसको माग थियो र यसलाई सफल बनाउने दायित्व पनि मधेसी नेतृत्व कै हुने हो. अब अरण्य रोदन बन्द गरेर मधेसको बौद्धिक सम्पदालाई उपयोग गर्ने काम गरौ. सुनको खानी माथी भिखको कटोरा लिएर बस्नुको के मतलब..... – **देवेश झा**


नेपालमा थारूका लागि मानअधिकार संगठन, संघसंस्थाहरू छ कि छैन ? औषधि उपचार र कानुनी उपचार को बेला हतकडि वा जंजीर खोलनु पर्छ ।प्रधान मंत्रि के. पी. ओली र पूर्ब प्रधानमंत्री पुष्प कमल दहाल प्रचण्ड नेपाली जनता मारे र नै नेता बनेको ईतिहास छ । – **बि.पि. यादव**


अध्यक्षजी, तपाईको संविधान संसोधन भित्र सिमाङकन संसोधन पर्छ कि पर्दैन ? कि फेरी मधेशी जनताले धोका मात्रै पाउने हुन ? किनभने सिमाङकन संसोधन बिनाको संविधान संसोधनले मधेश आन्दोलनलाई सम्बोधन गर्दैन र यसले मधेशको समस्या पनि समाधन हुदैंन । – **सुरेश मण्डल**


विधिको कुरा गर्दा हामीमध्ये धेरैले के बिर्सनु हुन्न भने( कार्यकारी प्रधानमन्त्रीले सेनाप्रमूखलाई विधिसम्मत पदमुक्त गर्दा हामीले के भनेका थियौं ? आफूलाई पायक पर्नेगरी कुरा नगरौं । – **वसन्त बस्नेत**


मेरो मनभित्र उब्जिएको जिज्ञासा : प्रधानन्यायधीश पदमुक्त भइसकेका थिए भने उनले किन राष्ट्रपतिको शपथ गराए ? प्रधानन्यायधीश पदमुक्त भइसकेको विषय राष्ट्रपति कार्यालयले कसरी थाहा नपाएको ? पदमुक्त प्रधानन्यायधीशबाट सपथ खाएकी राष्ट्रपतिको बैधानिकता के ? – **निमिष झा**


पहिले पहिले नेपाललाई बुद्धले चिनाउथ्यो, अहिले हामी एक ठाँउमा भेला भएर बुद्धलाई चिनाउन थाल्यौं । हैट, कस्तो जमाना आयो बरै । – **अनन्त अनुराग**


विदेश जाने युवाहरूबाट खुलेयाम म्यानपावर र एजेन्टहरूले डेढ लाख रूपैयाँसम्म असुली रहेका छन् । सरकार र त्यसका निकायहरूले सघाईरहेका छन् । निकम्मा सरकार । लाचार जनता । – **श्यामसुन्दर यादव**


...पत्रकार र नागरिक समाज सत्ताधारीको 'मुखपत्र' किमार्थ बन्नु हुँदैन । सत्ताले गर्नुपर्ने काम नगरेमा उसलाई झकझकाउनु पर्छ । – **रंधीर चौधरी**

## सत्तापक्ष बन्न...

बनाएको यी दुई दलले एक आपसमा सहमति नगरी अलग अलग बार्गेनिङ्ग गर्नु चतुर ओलीको रणनीति हो । तर दुबै मधेशी दल ओलीको चातुर्यतामा शनैःशनै फस्दै गएका छन् ।

ज्ञातव्य के छ भने यसअघि तत्कालीन काँग्रेस सभापति सुशील कोइरालालाई, सभापति शेरबहादुर देउवालाई अथवा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा यी दुई दलले सहमतिपत्रमा हस्ताक्षर गरेर मात्र समर्थन गरेका थिए । तर ओलीलाई उनीहरू उधारो समर्थन गरि बलियो प्रधानमन्त्री बनाउन मद्दत गरेका छन् ।

प्रधानमन्त्री ओली मधेशका लागि आलोचित पात्र हुन् भन्ने यिनै मधेशी दलहरू हुन् । हिजोका आलोचित पात्र रातारात कसरी प्रिय पात्र बने शायद यसको जवाब उपेन्द्र महन्थहरूसँग छैन ।

मधेश आन्दोलनको बेला ओलीको अभिव्यक्तिले मधेशमा तनाव पनि भएको थियो । आन्दोलन झन् चर्केको थियो । यहाँसम्म कि मधेशमा ओलीलाई 'प्रवेश निषेध' सम्मको नारा लागेको थियो ।

आन्दोलनको बेला आन्दोलनकारीले मधेशका ठाउँ-ठाउँमा ओली निषेधित क्षेत्रको घोषणा गरेका थिए । राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले त्यतिबेला 'एमालेमुक्त मधेश' को घोषणा नै गरेका थिए ।

तात्कालीन माओवादी केन्द्र र काँग्रेस नेतृत्वको सरकारले संसदमा सविधान संशोधनको प्रस्ताव पेस गरेपछि एमालेले त्यसको खुलेर विरोध गरेको थियो र फलतः एमालेकै असहयोगका कारण पास हुन सकेको थिएन । तर हिजोको एमालेले कुन चमत्कार गऱ्यो कि उसले संविधान संशोधनका लागि तयार भएको छ र फोरम र राजपा उसको पछि पछि कुद्दैछन् ? मधेश यस यक्ष प्रश्नको जवाब खोजिरहेको छ ।

## नेपाल-भारत अन्तर्राष्ट्रिय सम्मेलन हुने



काठमाडौं । नेपालस्थित भारतीय राजदूतावासले काठमाडौंमा अन्तर्राष्ट्रिय उद्यमी सम्मेलन आयोजना गर्ने भएको छ । भारतीय राजदूतावासले क्लब बी बिजनेस इन्नोभेसनको साझेदारीमा १२ चैतमा सम्मेलन आयोजना गर्ने भएको हो । नेपाल र भारतका युवा उद्यमी तथा युनिक आइडियामा सफल भएकाहरूबीच अनुभव साटासाट गराउने हेतुले कार्यक्रम गर्न लागिएको हो । यसले नेपाल र भारतका उद्यमीबीच एक-आपसमा आफ्ना नवीनतम उद्यमशील विचार आदानप्रदान गराउने आयोजकले जनाएको छ । सहभागीहरूले दुई देशका युवामा उद्यमशीलता विकासका लागि महत्पवूर्ण भूमिका निर्वाह गर्ने आयोजकको विश्वास छ । सम्मेलनमा सहभागीताका लागि मार्च १६ तारिकसम्म आवेदन दिन सक्ने जनाइएको छ ।

## अझ धेरै सहयोग रहनेछ : जोली

काठमाडौं । भारतीय जनता पार्टीका नेता विजय जोलीले आगामी दिनमा नेपालमा भारतको अझ धेरै सहयोग रहने बताएका छन् । उनले केपी शर्मा ओलीको नेतृत्वको सरकारलाई भारत र भाजपाको पूर्ण समर्थन रहेको बताएका छन् ।

उनले भने, 'एमाले अध्यक्ष ओलीजीको नेतृत्वमा गठन भएको नयाँ सरकारलाई हाम्रो पूरापूर सहयोग रहन्छ, म यही मञ्चबाट भन्न चाहन्छु कि आगामी दिनमा अझै धेरै सहयोग रहने रहन्छ ।' उनले ओली नेतृत्वको वर्तमान सरकार आगामी ५ वर्षको लागि गठन भएकोले यसले नेपालको समग्र विकास, शान्ति, सुशासन, समृद्धि र राजनीतिक स्थायित्वको लागि काम गर्न सफल हुनेमा आफू पूर्ण विश्वस्त रहेको स्पष्ट पारे । जोलीले भने, 'हाम्रो आशा छ, यस जनादेश अनुसार अब नेपालमा राजनीतिक स्थायित्व हासिल भएर आर्थिक समृद्धि हुन्छ, ओली नेतृत्वको सरकारले नेपालमा विकास र समृद्धिमा कायापलट गर्छ ।'

## रक्षामन्त्री र राजदूतबीच शिष्टाचार भेट

काठमाडौं । रक्षामन्त्री ईश्वर पोखरेलले नेपालका लागि भारतीय राजदूत मन्जीवसिंह पुरीसँग शिष्टाचार भेट गरेका छन् । मंगलबार सिंहदरबारस्थित रक्षा मन्त्रालयमा भेटघाट भएको हो । मन्त्री पोखरेलले नेपाल र भारतबीचको सम्बन्ध प्रगाढ रहेको र यस प्रकारको सम्बन्ध दुवै देशका सरकार र जनताबीच मात्र नभई प्रकृति प्रदत्तरूपमा नै विकास हुँदै गएको बताए । नेपाली सेनाको क्षमताको विकासका लागि भारत सरकारले पुऱ्याउँदै आएको सहयोग र सद्भावप्रति आभार प्रकट गर्दै उनले आगामी दिनमा पनि निरन्तर सुमधुर सम्बन्ध रहने अपेक्षा राखे । राजदूत पुरीले नेपाल-भारतबीचको सम्बन्ध घनिष्ठ रहेको र दुवै देशबीच सामाजिक तथा सांस्कृतिकरूपमा पनि मजबुत रहेको चर्चा गरे ।

## आर्थिक समाचार

### भारत-नेपाल रेमिटेन्स सेवा शुरू



काठमाडौं । नेपालस्थित आइएमई लिमिटेड र भारत स्थित मुथुत फाइनान्सले बिहिबारदेखि भारत-नेपाल रेमिटेन्स सेवा शुरूवात गरेका छन् । यस सेवाको प्रारम्भसँगै विभिन्न उद्देश्यले भारतमा रहँदै आएका लाखौं नेपाली नागरिकले मुथुत फाइनान्सका ४ हजार ६ सय शाखाबाट नेपालमा पैसा पठाउन सक्ने आईएमईले जनाएको छ । यसरी पठाएको रकम नेपालमा रहेका ७ हजार १ सय भन्दा बढी आइएमई एजेन्ट आउटलेटबाट सम्बन्धित व्यक्तिद्वारा सजिलै भुक्तानी लिन सकिनेछ । नगद भुक्तानी सेवाका अतिरिक्त सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा गर्ने सुविधा पनि प्राप्त गर्न सकिन आईएमईले जनाएको छ । नेपालस्थित ग्लोबल आइएमई बैंक लिमिटेड र भारतस्थित आरबीएल बैंक यो सेवाका लागि बैंकिंग साझेदार संस्था हुनेछन् । नेपालस्थित आइएमई लिमिटेड र भारतस्थित मुथुत फाइनान्सबीच गत मङ्सिर महिनामा रेमिटेन्स सम्झौता भएको थियो । मुथुत फाइनान्सका तर्फबाट प्रमुख महाप्रबन्धक के. आर. बिजिमोन र आइएमई लिमिटेडका तर्फबाट प्रमुख सञ्चालन अधिकृत खिलेन्द्र पौडेलले उक्त सम्झौता-पत्रमा हस्ताक्षर गरेका थिए ।








## राज्जा रानी फिल्मको घुम्ती अभियान



राजविराज । सप्तरीको लोहजराबाट नेपालमै पहिलो पटक दाइजो प्रथाको कथामा आधारित नेपाली र मैथिली भाषामा निर्माण भएका राज्जा रानी फिल्मको घुम्ती अभियान सुरू भएको छ । भोर नामक सामाजिक संस्थाले सप्तरीको तिरहुत गाउँपालिकाको लोहजारा गाउँबाट सो अभियान सुरू गरिएको संस्थाका अध्यक्ष राजकुमार महतोले जानकारी दिए । मधेशमा व्याप्त दाइजो प्रथाको कथालाई लिएर बनेको फिल्म 'राज्जा रानी' सिनेमा हलको पहुँचबाट टाढा रहेका गाउँहरूमा देखाउने अभियान सुरू गरिएको अध्यक्ष महतोले बताए ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं